परिच्छेद : एक

# अध्ययन पत्र परिचय

## १.१ परिचय

लोक साहित्यका विविध विधामध्ये लोकगीत एक हो । लोक साहित्य अन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोककविता, नाटक, उखान, टुक्का, गाउँ खाने कथा आदि पर्दछन् । तीमध्ये सर्वाधिक चर्चित र महत्त्वपूर्ण विधाका रूपमा लोकगीतलाई लिने गरिन्छ । जब लोकले आफ्ना विरह, वेदना, सौन्दर्य तथा शृङ्गार भावलाई सहज र स्वाभाविक पाराले उन्मुक्त स्वर लहरीमा पोख्दछ त्यसले लोकगीत को संज्ञा पाउँदछ । लोकगीत लोक परम्परामा जीवित रहेको हुन्छ । नेपाली लोकगीतको आकर्षक पक्ष भनेको लय वा भाका हो । लोकगीत हजारौं वर्ष पुरानो भएर पनि झरनाको पानी जस्तै स्वच्छ हुन्छ । जुन न कहिल्यै सुक्छ, न कहिल्यै रोकिन्छ ।

लोकगीत मा लोक जीवनका हाँसो-रोदन, सुख-दुःख, आशा-निराशा, प्रेम-विछोड, विभिन्न भावनाका साथै लोक परम्परामा प्रचलित चालचलन, रीतिरिवाज, संस्कृति, धर्म, आस्था, मान्यता र अन्धविश्वासको चित्रण गरिएको पाइन्छ । रागात्मक प्रेम प्रसङ्ग, विरह, व्यथा, वियोग, चिन्ता, पारिवारिक असन्तुलन, अभाव, पीडा, कुण्ठा आदिको मनस्थितिबाट प्रायः लोकगीत भावात्मक हुन्छ । मानव हृदयमा रहेको प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा, दुःखसुख, वेदना आदि अभिव्यक्ति लोकगीतमा हुनाले लोक तथा दोहोरी गीतलाई मानिसले आफ्नै सिर्जना ठान्दछन् । लोकगीत र गायनका क्षेत्रमा सक्रिय व्यक्तिमध्येका एक कृष्ण सुवेदीले आफ्नो गायनका माध्यमबाट नेपाली जनजीवनका हरेक पाटा र पक्षलाई अभिव्यक्त गर्दै आइरहेका छन् । यही सन्दर्भलाई समेटेर प्रस्तुत अध्ययन पत्रमा कृष्ण सुवेदीले गाएका गीतको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक ‘कृष्ण सुवेदीका गीतको सङ्कलन र अध्ययन’ रहेको छ ।

## १.३ अध्ययनको प्रयोजन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौं पत्र (५४०-६) को पूरक प्रयोजनका लागि प्रस्तुत अध्ययन पत्र तयार गरिएको हो ।

## १.४ समस्या कथन

नेपाली लोकगीतका क्षेत्रमा देखा परेका युवा गायक कृष्ण सुवेदीले गाएका र सङ्कलन गरेका गीतहरूमा आधारित रही प्रस्तुत अध्ययन पत्र निम्न समस्यामा केन्द्रित रहेको छ ।

क. गायक कृष्ण सुवेदीको व्यक्तित्व के कस्तो छ ?

ख. कृष्ण सुवेदीले के कति गीत गाएका छन् ?

ग. कृष्ण सुवेदीका गीतमा के कस्ता पक्ष र विशेषता पाइन्छन् ?

## १.५ अध्ययन पत्रको उद्देश्य

अध्ययन पत्रको उद्देश्यलाई निम्न बुँदाका आधारमा पूर्णता दिइएको छ :

क. गायक कृष्ण सुवेदीको व्यक्तित्वको चिनारी दिनु ।

ख. कृष्ण सुवेदीले गाएका गीतको सङ्कलन र अध्ययन गर्नु ।

ग. कृष्ण सुवेदीले गाएका गीतका भाव पक्षको वर्गीकरण गर्दै गीतका विशेषता प्रस्तुत गर्नु ।

## १.६ पूर्व कार्यको विवरण

हाम्रो ग्रामीण समाजमा व्याप्त जनजीवनका ऐतिहासक, राजनीतिक, धार्मिक, सामाजिक यावत् पक्षको नालीवेली अभिव्यक्त हुने आफ्नै मौलिकता बोकेका गीत र भाकाको भण्डार रहेको छ । त्यस्ता भाकाको अध्ययन विश्लेषण गर्ने काम प्रशस्त मात्रमा भएका छन् । तर पनि त्यस्ता गीत सङ्गीतका साधकको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी प्रकाशनमा ल्याउने कार्य भने अपेक्षाकृत भएको देखिँदैन । जसले गर्दा कयौं प्रतिभा विलीन हुनु पुगेका छन् । लोकगीत र गायनका क्षेत्रमा प्रशस्त साधक र प्रतिभा सङ्लग्न भए पनि अझै तिनीहरूको व्यक्तित्व जीवन र साधनाप्रति विचार नपुऱ्याउनाले उनीहरू छायाँमा पर्न बाध्य भएका छन् । लोक दोहोरी गायक गायनका सन्दर्भमा २०५४

साल पुस १ मा शोधार्थी नारायण प्रसाद ज्ञवालीले 'अलि मियाँको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकमा अध्ययन पत्र तयार पारेको देखिन्छ । त्यसैगरी हरिदेवी कोइरालाका बारेमा २०६१ वैशाख १५ मा सुन्दर श्रेष्ठले 'हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन' शीर्षकमा आफ्नो अध्ययन पत्र तयार गरेको पाइन्छ । यस्तै २०७० पुस २५ मा दुर्गा बहादुर गोदार थापाद्वारा 'चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन' शीर्षकमा अध्ययनपत्र तयार गरिएको पाइन्छ । विभिन्न पत्रपत्रिका, रेडियो, एफ.एम.बाट गायक कृष्ण सुवेदीको अन्तर्वार्ता र जीवनी प्रकाशन तथा प्रसारण भए पनि उनले गाएका गीतहरूको अध्ययन र समीक्षा गर्ने काम हालसम्म कहीँ कतैँबाट भएको पाइँदैन ।

## १.७ अध्ययनको औचित्य

नेपाली लोकगीतर गायनको क्षेत्रमा उदाएका विभिन्न प्रतिभामध्ये कृष्ण सुवेदी एक परिचित नाम हो । सुवेदीले गीतका माध्यमबाट नेपाली जनजीवनका कथा, व्यथा, वेदना, दुःखसुख, ग्रामीण तथा सहरिया परिवेशका संवेदनालाई अभिव्यक्त गरी नेपाली लोकगीत पारखीलाई मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । तर हालसम्म गायक कृष्ण सुवेदीको व्यक्तित्व र कृतित्व कुनै क्षेत्रबाट अध्ययन र विश्लेषण गर्ने कार्य हुन सकेको छैन । गायक सुवेदीले गाएका गीतको सङ्कलन र अध्ययन गर्नु यस अध्ययन पत्रको औचित्य हो ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

यस अध्ययन पत्रको क्षेत्र कृष्ण सुवेदीले गाएका र सङ्कलन गरेका गीतको अध्ययन हुनेछ । यहाँ सुवेदीले सङ्कलन गरेर तथा गाएर प्रकाशन भएका लोकगीतको मात्र अध्ययन गरिएको छ ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययन पत्र तयार पार्न कृष्ण सुवेदीले गाएका तथा सङ्कलन गरेका गीतहरू पुस्तकालयीय विधिबाट सङ्कलन र अध्ययन गरिएको छ । गायक स्वयमसँग र उनीसँग सम्बन्धित व्यक्तिसँग मौखिक अन्तर्वार्ता तथा छलफलका माध्यमबाट प्राप्त सामग्री वा जानकारीका आधारमा यस अध्ययन पत्रको कार्य सम्पन्न गरिएको छ ।

## १.१० परिच्छेद विभाजन

प्रस्तुत अध्ययन पत्र तयार पार्दा अध्ययन पत्रलाई व्यवस्थित गर्न निम्न अनुसारको ढाँचामा परिच्छेद निर्माण र विभाजन गरिएको छ :

परिच्छेद एक : अध्ययन पत्र परिचय,

परिच्छेद दुई : कृष्ण सुवेदीको परिचय,

परिच्छेद तिनः लोकगीत र कृष्ण सुवेदीका गीतको सामान्य चिनारी

परिच्छेद चार : कृष्ण सुवेदीका गीतको अध्ययन,

परिच्छेद पाँचः निष्कर्ष,

सन्दर्भ सामग्री,

परिशिष्ट ।

परिच्छेद : दुई


# कृष्ण सुवेदीको परिचय

## २.१ जीवनी

कृष्ण सुवेदीको जन्म पर्वतको दुर्लुङ-६, सोतीमा भएको हो । उनले नेपाली लोकगीत र सङ्गीतलाई माया गरी आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा अङ्गाल्दै आएका छन् । लोकगीत र गायनका क्षेत्रमा सक्रिय रूपमा अघि बढ्दै आएका गायक सुवेदीको व्यक्तित्व एवम् पारिवारिक पृष्ठभूमि यहाँ प्रस्तुत गरिएको छ । जसमा जन्म, बाल्यकाल, समय र सन्दर्भ, शिक्षा, दाम्पत्य जीवन, व्यक्तिगत स्वभाव र रुचि तथा गायनमा प्रेरणा र प्रारम्भ जस्ता जीवनका विविध पक्ष माथि प्रकाश पारिएको छ ।

### २.१.१ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

पर्वत जिल्ला दुर्लुङ-६ स्थित सोती गाउँमा कृष्ण सुवेदीको पुर्ख्यौली बसोबास रहँदै आएको छ । कृष्ण सुवेदीका पुर्खा यस स्थानमा धेरै पहिले पर्वतको चुवा भन्ने ठाउँबाट बसाइँ सरी आएका हुन् भन्ने सुन्नमा आएको पाइन्छ । त्यही आधारमा मात्रै सुवेदीका पुर्खाको वास्तविक उद्गम स्थानका बारेमा ऐतिहासिक तथ्य बताउन सकिने अवस्था देखिँदैन । चन्द्र प्रसाद उपाध्याय र महेश्वरी उपाध्यायका दुई छोरामध्ये जेठा छोरा ठाकुर प्रसाद उपाध्याय, उनकी धर्मपत्नी खुम कुमारी उपाध्यायका कान्छा सन्तानका रूपमा गायक कृष्ण सुवेदीको जन्म भएको हो । सुवेदीका चार दाजुभाइ र एक दिदी रहेका छन् । हाल उनका सबै दाजुभाइ र दिदी वैवाहिक जीवनमा प्रवेश गरी सुखद् दाम्पत्य जीवन बिताउँदै आए तापनि उनका जेठा दाजु सागर प्रसाद शर्माको स्वर्गारोहण भइसकेको छ । यिनका अन्य दाजुभाइ हाल कास्की र पर्वत जिल्लाका विभिन्न स्थानमा बसोबास गर्दै आएका छन् । गायक सुवेदीको पारिवारिक स्वरूपलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :



### २.१.२ जन्म, बाल्यकाल र शिक्षा

२०४५ साल मङ्सिर १० गतेका दिन माता खुम कुमारी उपाध्याय र पिता ठाकुर प्रसाद उपाध्यायका कान्छा सन्तानका रूपमा कृष्ण सुवेदीको जन्म भएको छ । उनका चार दाजुभाइ र एक दिदी रहेका छन् । सुवेदीको बाल्यकाल सुखद् रूपमा बितेको पाइन्छ । पण्डित बाबुका सन्तानका रूपमा जन्मेका सुवेदीलाई पढाइ लेखाइतिर लाग्नका लागि उपयुक्त वातावरण रहेको थियो । साथसाथै उनी गीत सङ्गीततर्फ विशेष रुचि र लगावका कारण पढाइ सँगसँगै साङ्गीतिक क्षेत्रमा पनि अग्रसर रहँदै आएको देखिन्छ । बुबा पण्डित भएकै कारण विभिन्न पूजाआजामा जाँदा भजन कीर्तन जस्ता धार्मिक कार्यक्रममा सरिक हुने र आफू पनि गुन्गुनाउने गर्दथे । यसरी विभिन्न सांस्कृतिक, धार्मिक, वैवाहिक तथा व्रतबन्ध जस्ता कार्यक्रममा उनको रुचि र सहभागिता बढ्दै जान थाल्यो ।

बाल्यकालमै स्कुले जीवनमा पनि आफू अध्ययन गर्ने विद्यालयमा विभिन्न सन्दर्भमा आयोजना हुने साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा पनि उनको सहभागिता रहँदै जान थाल्यो । त्यही समयमा एफ.एम. रेडियोको निकै प्रचलन थियो । सबैले हातहातमा रेडियो लिँदै गीत सुन्दै हिँडेको देख्दा सुवेदीलाई पनि रेडियो किन्न मन लाग्यो र दाजुसँग अनुरोध गरी एफ.एम. रेडियो किनेर गीत सुन्दै आफू पनि गुन्गुनाउँदै रमाउन थाल्थे ।

कृष्ण सुवेदीले श्री जनप्रकाश माध्यमिक विद्यालयमा प्राथमिक तहदेखि मा.वि.सम्मको अध्ययन पूरा गरेका हुन् । यस्तै उनले २०६२ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरी थप शिक्षाका लागि पोखराको पृथ्वी नारायण क्याम्पसमा भर्ना भई स्नातक तह सम्मको अध्ययन पूरा गरेका छन् ।

### २.१.३ दाम्पत्य जीवन र परिवार

कृष्ण सुवेदी २०६७ जेठ २३ गतेका दिन दाम्पत्य जीवनमा प्रवेश गरेका हुन् । पाल्पा रामपुर निवासी पिता घनश्याम पोखरेल र माता जमुना पोखरेलकी छोरी पवित्रा पोखरेलसँग उनको विवाह सम्पन्न भएको हो । सामाजिक तथा धार्मिक मान्यता अनुरूप पोखराको राम मन्दिरमा परम्परागत रूपमा प्रेम विवाह गरी उनी वैवाहिक जीवनमा प्रवेश गरेका हुन् । सुवेदी हाल एक श्रीमती पवित्रा पोखरेल सुवेदी, एक छोरा अनुरोध सुवेदीसहितको तिन जनाको परिवार पोखरा-५, मालेपाटनमा बस्दै आएका छन् ।

### २.१.४ गायन क्षेत्रमा प्रेरणा र प्रारम्भ

सानै उमेरदेखि रेडियो टेलिभिजनबाट प्रसारण हुने लोक तथा दोहोरी गीतका विभिन्न कार्यक्रम हेरेर, सुनेर नै सुवेदी लोक दोहोरी क्षेत्रप्रति आकर्षित भएका हुन् । सर्वप्रथम सुवेदीलाई गायन क्षेत्रमा प्रेरणा दिने व्यक्ति आफ्नै परिवारका सदस्य आमा, बुबा र दाजु हुन् । जब सुवेदी उच्च शिक्षाका लागि पोखरा झरे त्यसपछि उनका लागि विभिन्न अवसरहरू मिल्दै गए । लोक दोहोरी क्षेत्रमा क्रियाशील गायक गायिकासँग उनको सामिप्यता बढ्दै गयो । अग्रज कलाकारको हौसला, साथ र सहयोग पाएर आफूलाई क्रियाशील बनाउँदै गए । सुवेदीले त्रिवेणी सङ्गीतालयका गुरु नवराज बरालसँग विशेष प्रशिक्षण लिए । २०६३ सालमा पोखरा झरेपछि उनले निरन्तर लोक दोहोरी क्षेत्रमा आफ्ना पाइला अगाडि बढाई रहेका छन् ।

### २.१.५ रुचि र स्वभाव

अनुशासित, मिलनसार र भद्र स्वभावका कृष्ण सुवेदी सबैसँग सजिलै घुलमिल हुन सक्ने क्षमताका व्यक्ति हुन् । हाल सबैको मन मुटुमा बास बस्न सफल सुवेदी गीत गाउनुका साथै गीत सिर्जना गर्ने, साथीसँगीसँग घुमफिर गर्ने, साथीभाइका कुराकानीमा रमाउने आफ्नो रुचि भएको बताउछन् (शोध नायकबाट प्राप्त जानकारी) । साथै उनले विभिन्न पत्रपत्रिका, साहित्यिक कृति अध्ययनमा पनि रुचि राख्ने गरेको पाइन्छ ।

### २.१.६ अविस्मरणीय क्षण

कृष्ण सुवेदीको व्यक्तिगत जीवनका सन्दर्भमा धेरै अविस्मणीय क्षणहरू रहेका छन् । बाल्यकालदेखि हालसम्म आइपुग्दाका अनेकौ स्मरणयोग्य क्षण भए तापनि उनले मुख्यतः साङ्गीतिक क्षेत्रमा नै आफ्नो लगाव रहेकाले त्यसैसँग सम्बन्धित सन्दर्भलाई स्मरण गर्न चाहन्छन् । २०६२ सालमा एस.एल.सी. उत्तीर्ण गरेपछि सुवेदी उच्च शिक्षाका लागि पोखरा झरेका थिए । उनको खल्तीमा दुई हजार रूपैयाँ थियो । जसमध्येबाट उनले एक हजार छ सय तिरेर रेडियो प्रस्तोता तालिम लिए । जुन बखत उनलाई आफू एक्लो भएको महशुस हुन्थ्यो । गीत, सङ्गीत सुन्नका लागि आफूसँग रेडियो नभएको र रेडियो किन्नका लागि पैसा पनि नभएको क्षणलाई उनी आफ्नो जीवनको निराशाजनक क्षणका रूपमा सम्झन चाहन्छन् ।

यस्तै २०६४ सालमा पृथ्वी नारायण क्याम्पसमा नव आगन्तुक विद्यार्थीको स्वागतार्थ आयोजना गरिएको दोहोरी गीत प्रतियोगितामा भाग लिएर ४८ टिममध्ये चौथो स्थानमा आफ्नो टिम आउन सफल भएको थियो, त्यो क्षणलाई नै आफ्नो साङ्गीतिक यात्राको सुखद् क्षणका रूपमा सम्झन चाहन्छन् ।

## २.२ कृष्ण सुवेदीको व्यक्तित्व

शारीरिक रूपमा आकर्षक देखिने सुवेदी भद्र, मिलनसार, स्पष्टवक्ता एवम् अनुशासित व्यक्तित्वका रूपमा देखिन्छन् । गायन र गीत सङ्कलन मात्र नभई सुवेदी अन्य क्षेत्रसँग पनि सम्बन्धित छन् । लोक गायकका रूपमा आफ्नो पहिचान बनाएका सुवेदीको समग्र व्यक्तित्वलाई गायक, शब्द सङ्कलक र व्यावसायिकका रूपमा उनको व्यक्तित्वलाई यस प्रकार अध्ययन गरिएको छ ।

### २.२.१ गायक

कृष्ण सुवेदीको सानै उमेरदेखि गीत सङ्गीतका क्षेत्रमा रुचि र लगाव थियो । गाउँ घरमा हुने विभिन्न कार्यक्रममा सहभागी हुँदै हालसम्म आइपुग्दा उनी चर्चित र सफल गायकका रूपमा स्थापित भइसकेका छन् । सुवेदीले विभिन्न लोक तथा दोहोरी गीत प्रतियोगितामा गीत गाउँदै आए तापनि २०६६ सालबाट आफ्ना शब्द र स्वरमा लोक दोहोरी गीति एल्बममा स्थान दिँदै आएका छन् । उनको पहिलो सङ्कलित लोकदोहोरी गीतको शब्द 'राम्री चिटिक्कै' शीर्षकको लोक दोहोरी गीति एल्बममा समावेश भएको पाइन्छ । उक्त एल्बमको अघिल्लो गीतमा शब्द सङ्कलन र एल्बमको पछिल्लो साइड बीको 'ढुङ्गालाई देउता मानेर' शीर्षकको गीतमा निशा पोखरेलसँग आफ्नो स्वर दिएका छन् । जुन एल्बम नै रेकडिङका हिसाबले उनको पहिलो गीत हो । यसपछि उनले २०६८ सालमा खण्डग्रास म्युजिक पोखराबाट उत्पादित 'बाँच्नै गाह्रो भाछ' नामक एल्बममा गायिका मुना थापासँग गीत गाएर निरन्तर अगाडि बढेको देखिन्छ । उनको सोही 'बाँच्नै गाह्रो भाछ' गीतले नै उनलाई चर्चाको शिखरमा पुऱ्यायो । त्यसपछिका दिनमा उनी ज्ञानराज थापा, दुर्गा मरासिनी, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, चोलेन्द्र पौडेल, राजु परियार, जीवन दाहाल, तारापति सुवेदी, पार्वती जी.सी., राजन कार्की, घनश्याम रिजाल, शङ्कर विरही गुरुङ, निशा पोखरेल, टीका पुन, पूर्णकला बी.सी. राधिका हमाल, देवी घर्ती, मुना थापा,

चन्द्रा कार्की, सविता पौडेल, शिव सुवेदीलगायतका गायक गायिकासँग सहकार्य गर्दै अगाडि बढी रहेका छन् ।

सुवेदीले गाएका गीतमा नेपाली जनजीवनका आरोह अवरोहका विभिन्न पक्ष भेटिन्छन् । उनका गीतमा गाउले जनजीवनका साथै सहरिया युवायुवतीको जनजीवनलाई समेटिएको पाइन्छ । गायक सुवेदीले लोकगीत, दोहोरी गीत, तीजे गीत, पञ्चेबाजा जस्ता विविध गीत गाएका छन् । उनको स्वरमा श्रोतालाई आकर्षण गर्न सक्ने क्षमता भएका कारण नै उनका गीत लोकप्रिय छन् । गाउँले तथा सहरिया युवायुवतीका माया-प्रेम, मिलन-विछोड, जीवनका आशा-निराशा जस्ता विभिन्न पक्षलाई समेट्नु नै उनका गीतका मुख्य अभिव्यक्ति हुन् ।

### २.२.२ शब्द सङ्कलक

कृष्ण सुवेदी गायक मात्रै नभएर कुशल शब्द सङ्कलक पनि हुन् । उनले आफूले गाएका सबै जसो गीतमा आफैले शब्द सङ्कलन गरेका छन् । यस्तै उनकै शब्दमा पनि थुप्रै चर्चित गायक गायिकाले आवाज दिएका छन् । गायक सुवेदीका गीतमा प्रायः मानव जीवनका विरह, वेदना, रोमान्स, युवायुवती बिचको प्रेम, विछोड जस्ता भाव अभिव्यक्त भएको पाइन्छ । पछिल्लो समय युवायुवती बिच चिनजान भई माया प्रेम बसेको र उनीहरूले आफ्नो प्रेमलाई सफल पार्नका लागि घर परिवारले सहमति नजनाउँदा पनि भागेर विवाह गरी आफ्नो प्रेमलाई सफल पार्ने बाचा कसम गरेका युवा पिँढीको उद्वेगलाई 'सँगै जिउँछु मर्छु भनेर' शीर्षकको गीतमा शब्द सङ्कलन गरी अभिव्यक्त गरेका छन् । यसै गरी प्रेमीप्रमिका बीचको मायामा विछोड भएपछि आफ्नै आँखाबाट खस्ने आँसुले पनि आफूलाई साथ नदिने सबैले देख्ने गरी खसिदिने भाव 'पीर परेर आको बेलामा' शीर्षकको लोकगीतमा समावेश गरेका छन् । तीजका बेला श्रीमान्ले श्रीमतीलाई माइत नजाऊ भनी फकाएको भाव होस् वा आफू मान्छे ठुलै, खान्दान पनि ठुलै भएको र औकात अनुसारको श्रीमती नपाएको गुनासो तीजेगीतमा व्यक्त गरिएको छ । यस्तै चाडपर्वका बेलामा गरीब माथि पर्ने समस्यालाई पनि शब्द सङ्कलन गरी गीतमार्फत् अभिव्यक्त गरेका छन् । यिनका गीतमा यस्तै विभिन्न समस्या अभिव्यक्त भएकाले उनले आफूलाई सफल शब्द सङ्कलकका रूपमा चिनाउने प्रयत्न गरिरहेका छन् ।

### २.२.३ व्यवसायी

पहिले घर गाउँमा मेलापात, घाँस दाउरा, उकाली ओरालीमा लोकगीत गाउने चलन थियो । साथीसँगीका माभमा विभिन्न चाडपर्व, धार्मिक कार्यक्रम तथा रोधी घरमा युवायुवती आफ्ना मनका भावना गीतमार्फत् गाउँथे । समयको परिवर्तन सँगसँगै यिनै मेलापात, वनजङ्गलमा गाइने गाउँले जनजीवनका गीत वर्तमानमा व्यावसायिक रूपमा विकसित भएका छन् । सञ्चारका माध्यमबाट दर्शक तथा श्रोताले रुचि र चाहना अनुसार सुन्न र हेर्न पाउने भएका छन् । गीत सङ्गीतको विकाससँगै लोक तथा दोहोरी गीतको प्रकाशन र प्रसारणमा तीव्रता आएको छ । यिनै माध्यमद्वारा गायक गायिकाले आफूलाई व्यावसायिक रूपमा उभ्याएका छन् । लोक सङ्गीतका पारखीले विभिन्न दोहोरी साँझ, होटल, रेस्टुरेन्ट सञ्चालन गर्दै आएका छन् । जहाँ गायक गायिकाले प्रत्यक्ष रूपमा लोकदोहोरी गाएको सुन्न, हेर्न र रमाउन पाइन्छ । दोहोरी कार्यक्रमबाट गायक गायिकाले पनि आफूलाई अझै निखार्न र जीवनयापन गर्ने राम्रो अवसर पाएका छन् ।

गायक कृष्ण सुवेदीले पनि अन्य लोक दोहोरी गायक गायिका जस्तै आफ्नो कलामा निखार ल्याउन तथा जीवन यापनका लागि सुरूमा पोखराको महेन्द्रपुलस्थित फेवा दोहारी साँझमा गायकका रूपमा काम गरे । कला र व्यापार बिचको सम्बन्धलाई नजिकबाट बुझेका कारण उनले सोही दोहोरी साँझमा आफूले पनि लगानी गरेर व्यावसायिक रूपमा अगाडि बढी रहेका छन् । यसका साथै उनले पोखराको बिग एफ.एम. र गोल्डेन आई टेलिभिजनमा लोक दोहोरी गीत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । अर्कोतर्फ गायक सुवेदी दुर्लुङ म्युजिक क्रियसनका प्रबन्ध निर्देशक पनि हुन् । यसरी उनले आफूलाई एक कुशल गायक, सञ्चालक र व्यावसायिका रूपमा स्थापित गरिरहेको पाइन्छ ।

## २.३ कृति

कृष्ण सुवेदी मान्छे एक प्रतिभा अनेक भएका व्यक्ति हुन् । कर्मशील र प्रतिभावान् क्षमताका कारण नेपाली गीत सङ्गीतका क्षेत्रमा आफ्नो अलग्गै पहिचान बनाउन सफल भएका छन् । आफ्नै सङ्कलन र अन्य व्यक्तिले सङ्कलन गरेका गीतमा पनि सुमधुर आवाज दिँदै आएका छन् । विभिन्न समयमा प्रकाशित उनका कृतिले लोकप्रियता पाउनुका साथै गीत सङ्गीतका विविध क्षेत्रमा लोक गायक सुवेदीले गाएका र सङ्कलन गरी प्रकाशनमा ल्याएका हालसम्मका क्यासेट एल्बमको विवरण यस प्रकार उल्लेख गरिएको छः

## तालिका नं. १

## कृष्ण सुवेदीले शब्द सङ्कलन गरेका र गाएका गीतका एल्बम

| क्र.सं. | गीत/एल्बमको नाम | वर्ष | उत्पादक |
|---|---|---|---|
| १. | राम्री चिटिक्कै | २०६६ | नमस्ते ब्रोडकास्टिङ, पोखरा |
| २ | बाँच्नै गाह्रो भाछ | २०६८ | खण्डग्रास म्युजिक प्रा.लि.पोखरा |
| ३ | पीर परेर आको बेलामा (तीज गीत) | २०६९ | नमस्ते पोखरा ब्रोडकास्टिङ प्रा.लि.पोखरा |
| ४ | सँगै जिउँछु मर्छु भनेर | २०७० | दुर्लुङ म्युजिक क्रियसन प्रा.लि. |
| ५ | कम्मर मर्काइ मर्काइ (तीज गीत) | २०७० | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| ६ | सानु तिम्रै बन्न | २०७१ | दुर्लुङ म्युजिक क्रियसन प्रा.लि. |
| ७ | किन ढिपी गर्छौ (तीज) | २०७१ | साई भिजन प्रा.लि. काठमाडौं |
| ८ | तिम्लाई भुल्न जान्दै जनेन | २०७१ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| ९ | स्याङ्जामा घर छ | २०७१ | दुर्लुङ म्युजिक क्रियसन प्रा.लि. |
| १० | मेरी बुढीको चुरीफुरी निकै (तीज गीत) | २०७२ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| ११ | नभन आज भोलिमा (बाजा) | २०७२ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १२ | हाम्रो माया दुर्घटना | २०७२ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १३ | यसपालिको दसैं मनाम कसरी | २०७२ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १४ | अझै माया (परदेशीको पीडा) | २०७३ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १५ | पापिनी | २०७३ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १६ | मेरी दुलही (तीज गीत) | २०७३ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १७ | अहिलेसम्म छैन चिनेको (बाजा) | २०७३ | आशीष् म्युजिक प्रा.लि., काठमाडौं |
| १८ | सालैजो | | |

### २.४ सम्मान पुरस्कार

गायक कृष्ण सुवेदीले आफ्नो गायन यात्राका क्रममा विभिन्न सङ्घसंस्थाबाट सम्मान, पुरस्कार र अभिनन्दन प्राप्त गरेका छन् । सुवेदीलाई हालसम्म सम्मान र पुरस्कार प्रदान गर्ने केही सङ्घसंस्थाको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

**कृष्ण सुवेदीले पाएका सम्मान तथा पुरस्कार**

| क्र.सं. | सम्मान तथा पुरस्कार प्रदान गर्ने संस्थाको विवरण | सम्मान प्राप्त गरेको वर्ष वि.सं. |
|---|---|---|
| १. | लेखनाथ महोत्सव, कास्की, लेखनाथ | २०६६ |
| २ | प्रथम मालेपाटन मिनी मेला, कास्की पोखरा | २०६७ |
| ३ | विराज स्मृति युवा क्लब, पुरन्चौर | २०६७ |
| ४ | चौथो खैरेनीटार महोत्सव तनहुँ | २०६८ |
| ५ | तेस्रो पोखरा महोत्सव, युनाइटेड क्लब, पोखरा | २०६९ |
| ६ | नवौ फेवा नव वर्ष महोत्सव पोखरा | २०६९ |
| ७ | दुर्लुङ महोत्सव पर्वत | २०६९ |
| ८ | पाँचौ हेम्जा आलु महोत्सव, हेमजा कास्की | २०७० |
| ९ | श्री शुभकामना युवा क्लब, स्याङ्जा | २०७० |
| १० | दसौँ फेवा नववर्ष महोत्सव, पोखरा, कास्की | २०७० |
| ११ | चौथो पोखरा महोत्सव, युनाइटेड क्लब, पोखरा | २०७० |
| १२ | पाल्पा महोत्सव तानसेन पाल्पा | २०७० |
| १३ | प्रथम चिप्लेढुङ्गा मिनी मार्केट मेला | २०७१ |
| १४ | रिस्ती उपत्यका प्रथम सोती पसल महोत्सव | २०७१ |
| १५ | चौथो स्याङ्जा महोत्सव, स्याङ्जा | २०७२ |
| १६ | छैटौ पोखरा महोत्सव, पोखरा, कास्की | २०७२ |
| १७ | जनकल्याण सामाजिक महिला समूह तीज कार्यक्रम | २०७२ |
| १८ | ऐतिहासिक बाटुलेचौर तीज मेला | २०७२ |
| १९ | श्री ब्राइट फ्युचर युवा क्लब तनहुँ | २०७२ |
| २० | रेडियो सफलता छैटौँ तीज गीत प्रतियोगिता | २०७३ |
| २१ | प्रथम पर्वत तीज गीत प्रतियोगिता, पर्वत | २०७३ |

## २.५ सङ्लग्न सङ्घसंस्था

कृष्ण सुवेदी हालसम्म विभिन्न सङ्घसंस्थामा रहेर विभिन्न कार्य गर्दै आएका छन् । हालसम्म उनी आवद्ध रहेका सङ्घसंस्था निम्नानुसार रहेका छन् ।

१. बिग एफ.एम. पोखरा

२. गोल्डेन आई टेलिभिजन, पोखरा

३. फेवा दोहोरी साँझ, पोखरा

४. राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, धवलागिरि सदस्य

५. दुर्लुङ म्युजिक क्रियसन प्रा.लि, पोखरा ।

## २.६ निष्कर्ष

चर्चित लोक गायक कृष्ण सुवेदी पर्वत जिल्ला दुर्लुङ गा.वि.स.को मध्यम वर्गीय परिवार जन्मिएका हुन् । उनी आफ्नो प्रतिभाका कारण लोकगीतको क्षेत्रमा स्थापित सफल बन्न पुगेका छन् । सुवेदी एक गायकका साथै कुशल शब्द सङ्कलक पनि हुन् । उनले विभिन्न भाव र शैलीका गीत गाएका छन् । सुवेदी शब्द सङ्कलक भन्दा बढी गायक कै रूपमा परिचित छन् । प्रारम्भमा रेडियो, टेलिभिजनमा बज्ने गीतहरू सुन्ने र गुनगुनाउँदै हिँड्ने सुवेदी यो समयमा आइपुग्दा एक चर्चित गायकका रूपमा चिनिएका छन् । गीत सङ्गीतका लागि परिवार र साथी सङ्गीतबाट यथेष्ट सहयोग पाएका सुवेदी हाल सुखद् दाम्पत्य जीवन व्यतित् गरिरहेका छन् । परिवारको भरिपूर्ण सहयोगका कारण उनको गायन यात्रा निरन्तर स्वतन्त्र रूपमा अगाडि बढीरहेको पाइन्छ । अनुशासित, मिलनसार र चञ्चले स्वभावका कृष्ण सुवेदीको स्वरमा प्राकृतिक मिठास पाइन्छ ।

सुवेदी गायकका साथै एक कुशल व्यवसायी पनि हुन् । उनले पोखराको महेन्द्रपुलस्थित फेवा दोहोरी साँझ सञ्चालन गरी व्यवसायका साथ-साथै हाम्रो लोक कला र संस्कृतिको संरक्षण गर्ने काम गरेका छन् । यसका साथै रेडियो र टेलिभिजनमा लोक दोहोरी गीत सम्बन्धि कार्यक्रम सञ्चालन गर्दै आएका छन् । कृष्ण सुवेदी विभिन्न मेला महोत्सव जस्ता कार्यक्रममा बढी रुचाइएका कलाकार हुन् । उनी विभिनन साङ्गीतिक कार्यक्रममा सम्मानित र पुरस्कृत भएका छन् । यसका साथै, सुवेदी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धौलागिरीमा सक्रिय सदस्यका रूपमा काम गरिरहेका छन् ।

परिच्छेद : तीन

# लोकगीत र कृष्ण सुवेदीका गीतको सामान्य चिनारी

## ३.१ लोकगीतको परिचय

लोक साहित्य नेपाली लोक संस्कृतिको प्रमुख अङ्गका रूपमा रहेको छ । लोक साहित्य लोक जीवनमा मौखिक रूपमा सदियौंदेखि बाँचिरहेको हुन्छ । यस्तै लोक साहित्यको एक विधा लोकगीत हो । लोकगीत हाम्रो गाउँ-समाजको जनजीवनको गेयात्मक रूप हो । यसले हाम्रो गाउँले जीवनको पीर-व्यथा, माया-प्रेम, मिलन-विछोड तथा सम्पूर्ण लोक जीवनको भाव गीतका रूपमा बगाएको हुन्छ । पहिला वन पाखामा घाँस दाउरा, मेलापात र उकाली ओराली गर्दा आफ्नो मनको भाव पोख्न लोकगीतको साहारा लिइन्थ्यो । समयको परिवर्तनसँगै त्यही वनपाखा मेलापातमा गुन्जिने लोकगीत आज शब्दमा सङ्कलित भई एल्बमको रूप लिइरहेका छन् । लोकगीतलाई ग्राम गीत पनि भनिन्छ । पहिलेदेखि नै लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लगात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका सुख, दुःख, आँसु-हासो, आशा-निरासाका साथै लोकको चाल-चलन, विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण पाइन्छ (बन्धु, २०५८:११५) । लोकगीत भावुक हृदयको स्पन्दनशील लयदार कवितामय ध्वनि हो, जीवनको कटुता र खल्लोपनमा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो (लोहनी, २०२२ :१) ।

लोकद्वारा रचित र मौखिक परम्परामा सुरक्षित साहित्यिक अभिव्यक्ति नै लोक साहित्य हो । सम्पूर्ण जनजीवनले भोगे गरेका, आर्जेका, लोकबाट प्रचलनमा आएका लोकको सुखदुःखलाई समेटेर भावनामा मौलाएको वा फुरेको साहित्य नै लोक साहित्य हो । लोक साहित्यका विभिन्न प्रकार छन् । जसमा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोककथा, लोकनाटक, उखान र टुक्काहरू पर्दछन् । यिनलाई लोक साहित्यका विधा भनिन्छ । लोकगीत लोक साहित्यको एक प्रमुख विधा हो । लोकले मौखिक रूपमा जीवित राखेको लोक हृदयको स्वतस्फूर्त, लयात्मक अनि गेय अवैयक्तिक अभिव्यक्ति लोकगीत हो (न्यौपाने, २०७० : ३) । लोकगीतमा लोक जीवनका सुखदुःख, आँसु हासो, आशा निराशाका साथै प्रेम, विछोड, आस्था, मान्यता, रीतिरिवाज, चालचलन, धर्म, संस्कृति, अन्धविश्वास आदिको चित्रण गरिएको पाइन्छ ।

लोकगीत लयात्मक र गेयात्मक हुन्छ । यो मौखिक परम्परा र श्रुतिपरम्परामा हुर्किदै जीवित रहँदै आएको विधा हो । लोकगीत अन्तर्गत दोहोरी गीत, एकल गीत, झ्याउरे गीत, संगिनी, रत्यौली, पञ्चेबाजा जस्ता विभिन्न फुटकर गीत पर्दछन् । विभिन्न लोक साहित्य एवम् लोकगीतका बारेमा विभिन्न विद्वान्ले भनेका विभिन्न परिभाषालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**कुसुमाकर न्यौपाने (२०७०), नेपाली लोकगीत**

कुसुमाकर न्यौपानेले तयार पारेको प्रस्तुत 'नेपाली लोकगीत' नामक पुस्तकमा लोकगीतको परिभाषा दिँदै लोकगीतलाई वर्गीकरण गरिएको छ । यस्तै लोकगीतको एउटा भेदको रूपमा दोहोरी गीतलाई लिइएको छ (न्यौपाने, २०७०:२२) ।

**चूडामणि बन्धु (२०५८), नेपाली लोक साहित्य**

चूडामणि बन्धुले 'नेपाली लोक साहित्य' नामक प्रस्तुत पुस्तकमा लोकगीतका बारेमा पनि चर्चा गरेका छन् । उक्त पुस्तकमा दोहोरी गीतलाई यसरी परिभाषित गरिएको छ, दुई व्यक्ति अथवा समूहका बिच गीतमै गरिने सवालजवाफलाई दोहोरी गीत अथवा जुहारी पनि भनिन्छ (बन्धु, २०५८:१४०) ।

**जीवेन्द्र देव गिरी (२०५७) लोक साहित्यको अवलोकन**

जीवेन्द्र देव गिरीले तयार पारेको 'लोक साहित्यको अवलोकन' नामक पुस्तकमा लोकगीतका विभिन्न प्रकारको चर्चा गर्दै उदाहरणका रूपमा शोक गीत, धमारी गीतका उदाहरण प्रस्तुत गरिएको छ (गिरी, २०५७:६३) ।

**शोभा ढुङ्गाना (२०६३) थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण**

त्रि.वि. अन्तर्गत पृथ्वीनारायण क्याम्पस पोखराको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको प्रस्तुत शोधपत्र थप्रेक क्षेत्रमा प्रचलित लोकगीतको चर्चा गर्दै तिनको वर्गीकरण गरी उनले दोहोरी गीतको परिभाषा यस्तो दिएकी छन्, यो गीत महिला-पुरुष, पुरुष-पुरुष र महिला-महिला बीच पनि गाउन सकिन्छ र यो गीत बाह्रै महिना गाउन सकिन्छ भन्दै उनले विभिन्न उदाहरणसमेत प्रस्तुत गरेकी छन् (ढुङ्गाना, २०६९: ५४) ।

**धर्मराज थापा र हंसपुरे सुवेदी (२०४१) नेपाली लोक साहित्यको विवेचना**

धर्मराज थापा र हंसपुरे सुवेदीले तयार पारेको प्रस्तुत 'नेपाली लोक साहित्यको विवेचना' नामक पुस्तकमा सुदुरपश्चिमतिरको भाकामा देवर भाउजुको दोहोरी गीतको नमूना प्रस्तुत गरिएको छ (थापा र सुवेदी, २०४१ : ६५-६६) । यस्तै सामान्य लोकगीतको चिनारी दिँदै चुड्काको उदाहरण दिई यसलाई लोकगीत नभनी जुहारी भनेर चिनाइएको छ (थापा र सुवेदी, २०४१ : ९७-१००) । यस्तै लोकगीतहरूका विभिन्न प्रकारको रूपमा असारे गीतको उदाहरण प्रस्तुत गरिएको छ (थापा र सुवेदी, २०४१:१४६) । यस्तै लोकगीतको अर्को भेद पर्व गीत भनेर तीजे गीतको चर्चा गर्दै पति र पत्नी बिचको दोहोरीका केही अंश प्रस्तुत गरिएको छ (थापा र सुवेदी, २०४१:१६०/१६१) र यसरी लोक तथा दोहोरी गीतका बारेमा चर्चा गर्दै विभिन्न भेद उल्लेख गरी केही उदाहरण प्रस्तुत गरिएको पाइन्छ ।

## ३.२ कृष्ण सुवेदीका गीतको सङ्कलन

यस अध्ययन पत्रको मुख्य उद्देश्य गायक कृष्ण सुवेदीले गाएका गीतको सङ्कलन र अध्ययन गरी तिनमा आएका विभिन्न भावलाई चिनाउनु हो । यस परिच्छेदमा गायक कृष्ण सुवेदीले आफ्नो गायन यात्राका क्रममा हालसम्म गाएका र सङ्कलन गरेका गीतहरू श्रृव्यदृश्य क्यासेट र भी.सी.डी. एल्बमको सङ्कलन र अध्ययन गरिएको छ । सुवेदीका गीतलाई निम्नानुसार सूचीकृत गरिएको छ ।

१. राम्री चिटिक्कै
२. बाँच्नै गाह्रो भाछ
३. पीर परेर आको बेलामा
४. सँगै जिउछु मर्छु भनेर
५. सानु तिम्रै बन्न
६. तिम्लाई भुल्न जान्दै जानेन
७. स्याङ्जामा घर छ
८. किन ढिपी गर्छौ
९. नभन आजभोलिमा
१०. हाम्रो माया दुर्घटना
११. यसपालिको दसैं मनाम् कसरी

१२. मेरी बुढीको चुरीफुरी निकै

१३. परदेशीको पीडा

१४. पापिनी

१५. मेरी दुलही

१६. अहिलेसम्म छैन चिनेको

१७. सालैजो

१८. कम्मर मकाई मर्काई

१९. के म तिम्लाई भुल्न सुक्छु र ?

२०. जाल हान्यो माझिले पानीमा

२१. फेसबुक भाइवरले

२२. छ्याप्पै डाली काँटेर घाँस

२३. अन्तै नाता जोडेऊ भने सानु

माथि सूचीकृत सबै गीतमध्ये यस अध्ययन पत्र तयार पार्ने समय २०७३ फागुन मसान्तसम्ममा केही गीत प्रकाशन नभएका हुँदा यस परिच्छेदमा गायक कृष्ण सुवेदीले गायन यात्राका क्रममा हालसम्म गाएका १७ वटा गीत, श्रव्यदृश्य तथा भी.सी.डी. एल्बमको सङ्कलन र अध्ययन गरिएको छ ।

### ३.२.१ राम्री चिटिक्कै

गायक कृष्ण सुवेदीको गायन यात्रा अनौपचारिक रूपमा बाल्यकालदेखि नै सुरू भए पनि औपचारिक रूपमा भने यसै गीति एल्बममार्फत् भएको पाइन्छ । गायक सुवेदीको पहिलो गीत 'राम्री चिटिक्कै (२०६६) एल्बमको साइड 'बी' मा रहेको 'ढुङ्गालाई देउता मानेर' बोलको शीर्ष गीत नै उनको पहिलो गीत हो । यस गीतमा गायक कृष्ण सुवेदीलाई निशा पोखरेलले आवाजमा साथ दिएकी छिन् । शब्द सङ्कलन गायक स्वयम्ले गरेका हुन् । प्रस्तुत एल्बम नमस्ते बोडकास्टिङ स्टुडियो प्रा.लि पोखराले उत्पादन गरेको हो ।

यस एल्बमको साइड 'बी' मा समावेश गरिएको 'ढुङ्गालाई देउता मानेर' बोलको गीतमा मुख्यतः प्रेम प्रसङ्गलाई नै मुख्य विषयवस्तु बनाइएको पाइन्छ । प्रेममा विछोडिएका प्रेमीप्रेमिकाले एक अर्कालाई आरोप प्रत्यारोप गर्दै आफ्नो रिस पोखेको मार्मिक भावलाई प्रस्तुत गरिएको छ । गीतको शीर्षकमा नै ढुङ्गा जस्तो निर्जीव वस्तुलाई देउता अथवा

भगवान् मानेर आफूले गल्ती गरेको महशुस भएको पाइन्छ । यस गीतमा प्रेमीप्रेमिकाले एक अर्कालाई निर्जीव वस्तु ढुङ्गासँग तुलना गरेका छन् । आफूहरूले ढुङ्गा जस्तो मन भएको व्यक्तिसँग माया गरी घर न घाट भएको महशुस गरी पराई मान्छेलाई आफ्नो ठानेर गल्ती गरेको प्रसङ्ग व्यक्त गरेका छन् । प्रस्तुत गीत प्रेमीप्रेमिकाले आफूले गरेको मायालाई बिजेको काँडा, पहिरो गएको डाँडा, चैतको वादल र काम नलाग्ने मादलका साथै मासु काट्ने अचानो र भूइँचालोसँग दाँजेका छन् ।

### ३.२.२ बाँच्नै गाह्रो भाछ

गायक कृष्ण सुवेदीले दोस्रो कृतिका रूपमा वि.सं. २०६८ मा 'बाँच्नै गाह्रो भाछ' एल्बमको शीर्षक गीतमा आफ्नो श्रृतिमधुर स्वर आवाज दिई चर्चित बनेका छन् । यस गीतमा शब्द सङ्कलन कविराज बरालको र लय सङ्कलन दुर्गा मरासिनीको रहेको छ । यस एल्बमलाई खण्डग्रास म्युजिक प्रा.लि.ले प्रकाशनमा ल्याएको हो । यस गीतमा गायक कृष्ण सुवेदीलाई गायिका मुना थापाले साथ दिएकी छिन् ।

प्रस्तुत 'बाँच्नै गाह्रो भाछ' शीर्षकको गीतमा माया प्रेमको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ । यस गीतमा युवा-युवती माया प्रेममा परेपछि एक-अर्काबाट टाढा भई तड्पिएर बाँच्नु पर्दाको कारूणिक भाव अभिव्यक्त भएको छ । प्रेमीप्रेमिका एक अर्काबाट छुट्टिएर टाढा भएपछि एक-अर्काको यादमै दिन रात बित्ने गरेको कुरा प्रस्तुत गीतमा व्यक्त भएको छ । आफू एक्लो भएपछि सबैले हेला गरेको र जिन्दगीको प्रत्येक पलमा एक अर्काको अभाव खड्केको महशुस गरेका छन् ।

यसरी एक अर्का विना आफ्नो जीवनको अस्तित्व नभएको र अन्त्यमा एक अर्काबाट जति तड्पिएर बसे पनि अब तड्पिएर अथवा छुट्टिएर बस्न नसक्ने हुँदा भगवान्सँग भेट गराइदिने अनुरोध गरेको भाव उक्त गीतमा प्रस्तुत छ ।

### ३.२.३ पीर परेर आको बेलामा

२०६९ सालमा नमस्ते ब्रोडकास्टिङ स्टुडियो पोखराबाट उत्पादित 'पीर परेर आको बेलामा' एल्बमको शीर्षक गीत कृष्ण सुवेदीको चर्चित गीत हो । प्रस्तुत गीतमा गायक सुवेदीलाई स्वरमा चर्चित गायिका टीका पुनले साथ दिएकी छिन् । यस गीतमा शब्द सङ्कलन गायक कृष्ण सुवेदी र शिव सुवेदीको र लय रामजी पौडेलको रहेको छ । प्रस्तुत

एल्बमको गीतमा माया प्रेममा विछोड हुनु पर्दाको भावलाई नै मुख्य विषयवस्तु बनाइएको छ । युवा-युवती बिच माया प्रेम बसेर अन्त्यमा एक-अर्काको हुन नसकी छुट्टिएर आफू अरू कसैको भए पछिको विछोड पूर्वको अवस्थालाई गीतमा व्यक्त गरिएको छ । पीर परेको समयमा आफ्नै आँखाबाट खस्ने आँसुले समेत साथ नदिएको । आफ्नो मायालु झै अरू कसैको भैदिएको कुरालाई व्यक्त गरिएको पाइन्छ । युवकले आफ्नो आँसुमा आफ्नी प्रेमिका देख्छ भने युवतीले आफ्नो दिलमा प्रेमीकै नाम भएको र पीर परेको बेलामा झर्ने आँसु पुछि दिने अरू कोही नभएको गुनासो गर्दछे । यस गीतमा आफ्नो मायाको बारीमा फुलेको फूललाई अरूले नै टिपेर लगेको गुनासो युवकले गरेका छन् । युवतीले भने आफ्नो शरीर पराई व्यक्तिसँग भए पनि मन मुटु आफ्नै प्रेमीसँग भएको र उसैको सम्झनामा झर्ने आँसुलाई नै साथी बनाई यादमा बाँचेको विछोडको कारूणिक भाव गीतमा व्यक्त भएको पाइन्छ ।

### ३.२.४ सँगै जीउँछु मर्छु भनेर

प्रस्तुत ‘सँगै जीउँछु मर्छु भनेर’ गीत गायक कृष्ण सुवेदीको आवाजमा सजिएको अर्को गीत हो । यस एल्बमको शीर्ष गीतमा गायक सुवेदीलाई युगल आवाजमा गायिका पूर्णकला बी.सी.ले साथ दिएकी छन् । यस गीतको शब्द र लय सङ्कलन गायक स्वयम् कै छ । २०७० सालमा प्रकाशन गरिएको एल्बमको उत्पादन दुर्लुङ म्युजिक क्रियसन प्रा.लि. पोखराले गरेको हो । प्रस्तुत एल्बमको गीत ‘सँगै जीउँछु मर्छु भनेर’ शीर्षकबाट एक जोडी मायालुको प्रेम कहानी प्रष्ट हुन्छ । जुन जोडीले माया लगाएपछि सँगै जिउने र मर्ने कसम खाएका छन् । आफ्नो मायालाई पूर्ण रूपमा सफल पार्ने मिलनको भाव व्यक्त गरेका छन् ।

आफ्नो मायालाई चखेवाको जोडी जस्तै अमर प्रेमीप्रेमिकाका रूपमा उभ्याएका छन् । यस गीतमा आफ्नो प्रेमलाई कसैले पनि रोक्ने सहास गर्न सक्ने छैन । घरबाट मागेर नदिए गाउँघर सबै छोडेर भागेर जाने सम्मको साहस गरेको पाइन्छ । छरछिमेकीले माया के हो भन्ने नबुझेर कुरा काटे पनि आफूहरूलाई त्यस कुराले केही असर नपर्ने र जस्तोसुकै हालतमा पनि आफ्नो मायाको संसार बनाउने कसम खाएका छन् । आफ्नो मायालाई पूर्ण रूपमा सफल पार्न र सामाजिक मान्यता दिन विवाह बन्धनमा बाँधिने निर्णय गरेका छन् ।

### ३.२.५ सानु तिम्रै बन्न

गायक कृष्ण सुवेदीको स्वरमा सजिएको 'सानु तिम्रै बन्न' एल्बमको शीर्ष गीत २०७१ सालमा प्रकाशन भएको हो । यस दोहोरी गीतमा गायक सुवेदीलाई स्वरमा पूर्णकला बी.सी.ले साथ दिएकी छन् । यस गीतको शब्द र लय सङ्कलन गायक सुवेदीकै रहेको छ । प्रस्तुत एल्बम दुर्लुङ म्युजिक क्रियसन पोखराले उत्पादन गरेको हो ।

'सानु तिम्रै बन्न' शीर्षकको दोहोरी गीतमा युवायुवती बिचको प्रेम प्रसङ्गलाई मुख्य विषयवस्तु बनाइएको छ । यस गीतमा युवायुवती बिच माया बसेपछि जिन्दगीमा जस्तो सुकै आँधीहुरी आए पनि आफूहरूले एक अर्काको साथ नछोड्ने सङ्कल्प गरेका छन् । जिन्दगीमा सबै कुरा पाएर खुसी भई अब आफ्नो मायालाई आफ्नो बनाउन पाए जिन्दगी पूर्ण हुने कुरा बताएका छन् । यस गीतमा युवायुवतीले जिन्दगीमा सङ्घर्ष गरेर आफ्नो मायालाई पाउनको लागि सबैसँग लडेर प्रेम सफल पार्ने दृढ विश्वास लिएको पाइन्छ । समग्रमा यस गीतलाई अध्ययन गर्दा वैंसालु युवायुवतीको मनको इच्छा, चाहना र सपनालाई नै मुख्य विषयवस्तु बनाइएको पाइन्छ । यस गीतमा मुख्यतः प्रेम भाव नै सबल पक्ष बनेर आएको पाइन्छ ।

### ३.२.६ तिम्लाई भुल्न जान्दै जानेन

प्रस्तुत श्रव्यदृश्य एल्बम 'तिम्लाई भुल्न जान्दै जानेन' आशीष् म्युजिक प्रा.लि. काठमाडौँले २०७१ सालमा प्रकाशनमा ल्याएको हो । यस गीतको शब्द र लय सङ्कलन गायक स्वयम्कै रहेको छ । गायक कृष्ण सुवेदी र गायिका पूर्णकला बी.सी.को सुमधुर आवाजमा रहेको प्रस्तुत गीत निकै लोकप्रिय बनेको पाइन्छ ।

'तिम्लाई भुल्न जान्दै जानेन' दोहोरी गीत युवायुवती बिचको विछोड प्रेमको अनुभूति हो । युवायुवती गहिरो प्रेममा परेपछि एक आपसमा टाढिएर बस्नु पर्दाको विछोडरूपी घाउमा पिल्सिएको भाव प्रस्तुत गीतमा व्यक्त भएको पाइन्छ । प्रेमिका युवतीले भुल्न खोजे पनि प्रेमी युवकलाई झन्-झन् बढी उसैको यादले सताएको छ । उसले दिएको धोका जादुको छडी जस्तो भएको छ । उता युवती आफूले प्रेमी युवकलाई साँचो प्रेम गरे तापनि आफू बाध्यतामा परी उसबाट टाढा हुन परेको छ । टाढा भए पनि पापी मनले उसलाई भुल्न नसकेको कुरा व्यक्त गरेकी छ । आफ्नो मनलाई बुझाउन गाह्रो भएर प्रेमिका कै यादमा दिन रात बिताउने गरेको युवकमा विछोडको पीडा झनै गहिरिएको छ । आफूले

माया लाएर साथ दिन नसकेकोमा पाउनु मात्र माया नभई गुमाउनु पनि माया हो भन्दै युवतीले आफ्नो मन सम्झाएकी छ । प्रस्तुत गीतमा पुरानो प्रेमलाई सम्झी आफ्नो मन बुझाउन बाध्य भएका युवा र युवतीको विछोडरूपी प्रेम भाव प्रकट भएको छ ।

### ३.२.७ स्याङ्जामा घरछ

गायक कृष्ण सुवेदीको आवाजमा सजिएको 'स्याङ्जामा घरछ' एक उत्कृष्ट एल्बम हो । प्रस्तुत एल्बमलाई दुर्लुङ म्युजिक क्रियसन प्रा.लि. पोखराले २०७१ सालमा प्रकाशनमा ल्याएको हो । यस गीतमा गायक कृष्ण सुवेदी र गायिका राधिका हमालको स्वर रहेको छ । यस गीतको शब्द र लय सङ्कलन स्वयम् कृष्ण सुवेदीकै रहेको छ । प्रस्तुत एल्बमको शीर्ष गीतमा माया लाउनलाई अनुरोध गरिएको छ । युवायुवती एक आपसमा भेट भए पनि एक अर्कालाई मन पराएको कुरा उक्त गीतमा प्रस्तुत भएको छ । युवकको घर स्याङ्जा र युवतीको घर झापामा रहेको छ । प्रस्तुत गीतमा युवकले युवतीलाई देख्नासाथ मन परेको र युवती पनि आफू स्याङ्जाली युवकको फन्दामा परेर माया बसेको कुरा गरेका छन् । भेट हुनासाथ एक अर्कालाई मन पराएर माया लगाऔं भन्दै गीतमार्फत् आ-आफ्ना मनका कुरा एक अर्का समक्ष प्रस्तुत गरेका छन् ।

युवकले आफ्नो घर स्याङ्जामा भएको र माया लगाएर लैजानका लागि कुनै कुराको पीर चिन्ता नभएको कुरा गरेका छन् । युवतीले पनि झापामा आफ्नो घर भएको र माया लगाउन केही डर नभएको भन्दै गीतमार्फत् आफ्नो घर ठाउँ बताई माया लगाउन एक अर्का सामु अनुरोध गरेका छन् । युवकले युवतीलाई सफा मनले माया लाउनुपर्छ । मायामा छलकपट हुनुहुँदैन भन्दै सफा मनले आफ्नो मायाको प्रस्ताव स्वीकार्न अनुरोध गरेका छन् । युवतीले पनि युवककै भरमा परेकी छन् । अब ऊसँग छुटेर बस्न नसक्ने र युवकले नै आफ्नो मन चोरेर लगेको कुरा व्यक्त गरेकी छन् । यसरी प्रस्तुत गीतमा युवायुवती बीच माया बसेको र अब छुट्टिएर नबसीकन सँगै माया लाएर बस्ने कुरा व्यक्त भएको पाइन्छ ।

### ३.२.८ किन ढिपी गर्छौ

गायक कृष्ण सुवेदीको अर्को श्रृव्यदृश्य एल्बम 'किन ढिपी गर्छौ' तीज विशेषलाई ध्यानमा राखेर साई भिजन प्रा.लि. काठमाडौंले २०७१ सालमा बजारमा ल्याएको हो । महिलाहरूको चाड तीजको अवसरमा निकालिएको प्रस्तुत गीतमा स्वर गायक कृष्ण सुवेदी

र गायिका सरीता पौडेलको रहेको छ । यस गीतमा शब्द र लय सङ्कलन गायक सुवेदीकै रहेको पाइन्छ । प्रस्तुत एल्बमको शीर्ष गीतमा तीजको बेलामा श्रीमती माइती घर जान्छु भनेकी छन् । श्रीमान्ले माइत नजान अनुरोध गर्दै उनलाई मनपर्ने चिज किनिदिन्छु भन्दै फकाएका छन् ।

श्रीमान्श्रीमती बीचको जुहारीलाई प्रस्तुत गीतमा देखाउन खोजिएको पाइन्छ । श्रीमान्ले वर्षैपिच्छे तीजमा माइत गएकी छौं यसपालि नजाऊ भन्दै फकाएका छन् । श्रीमती जहिले पनि घरको काममा अल्भिन्नु पर्ने वर्षको एकपटक आउने चाडमा पनि दुई दिन माइत जान्छु भन्दा रिसाउने भन्दै जान ढिपी गरिरहेकी छन् । श्रीमान्ले अनेक तहरसँग फकाउँदा आफूलाई भोकै राखेर रमाइलो गर्दा तिम्रो मन मान्छ भन्दै अनेक तरहले फकाउँछन् । श्रीमती जुठाभाडा लुगा कपडा भन्दै ढिपी नछाड्ने कुरा थाहा पाएपछि श्रीमान्ले श्रीमतीको गुणगान गर्दै फकाउँछन् । उता श्रीमती आफ्नो कुरामा अडिक रहेकी छन् । जसरी भए पनि माइत जान तम्सिएकी छन् ।

यसरी प्रस्तुत गीतमा श्रीमान् श्रीमती बिचको पारिवारिक माया, प्रेम तथा सामान्य भ्रै-भ्रगडालाई चित्रण गरिएको पाइन्छ । अर्कोतर्फ प्रस्तुत गीतमा श्रीमान्ले श्रीमतीलाई चाडपर्वको बेलामा पनि घरको काम धन्दा गर्न तथा भाँडावर्तन लुगा धुने आदि जस्ता काम गर्न माया गरेको भावमा दबाब दिएका छन् । श्रीमतीले भने चाडपर्वको बेलामा पनि माइत जान नदिई घरकै काम गर्न लगाएर आफू माथि अन्याय गरेको भाव प्रस्तुत गरेकी छन् । यसरी यस गीतमा समाजमा घरको कामधन्दा महिलाले मात्र गर्नुपर्छ भन्ने पुरुषको पुरातन मानसिकतालाई प्रष्ट पारिएको छ ।

### ३.२.९ नभन आज भोलिमा

प्रस्तुत पञ्चेबाजा एल्बम 'नभन आज भोलिमा' आशीष् म्युजिक प्रा.लि. काठमाडौंले २०७२ सालमा प्रकाशनमा ल्याएको हो । प्रस्तुत एल्बमको शीर्ष गीतमा गायक कृष्ण सुवेदीलाई स्वरमा गायिका सीता र कल्पनाले साथ दिएका छन् । यस गीतको शब्द र लय सङ्कलन गायक कृष्ण सुवेदीको नै रहेको पाइन्छ । गायक कृष्ण सुवेदीको पञ्चेबाजामा गाइएको यो पहिलो गीत हो । जुन गीत लोकप्रिय बनेको पाइन्छ ।

प्रस्तुत एल्बमको शीर्ष गीतमा युवायुवतीको प्रेमलाई प्रस्तुत गरिएको छ । पञ्चेबाजाको तालमा प्रस्तुत गरिएको यस गीतमा प्रेमीले लगनको महिना आएको छ यही

मौकामा बिहे गर्नुपर्ने छ भनेका छन् । यता प्रेमिका भने सधैँ माया मात्र बढाई रहने तर बिहे गरेर डोलीमा चढाउन नसक्ने भनेर मन दुखाएकी छन् । प्रेमीले भने चिन्ता नगर तिमीलाई रितपूर्वक हिन्दूसंस्कार अनुसार सिन्दुर हालेर नै बिहे गरेर लान्छु भनेर प्रेमिकालाई सम्झाएका छन् । यसरी प्रेमिकाको घरमा उनको बिहेको कुरा चलेकाले कतै आफ्नो प्रेम अधुरो हुन्छ की भनेर शङ्का व्यक्त गरेकी छन् । उता प्रेमीले प्रेमिकालाई सम्झाउँदै तिमी मेरै हुन्छेऊ अरूले तिम्लाई छुने हिम्मत पनि गर्ने छैन् चिन्ता नगर बिहेको कुरा मात्र चलेर केही हुँदैन भन्छन् । यता प्रेमिका भने अहिल्यै मेरै हौ भन्छौं पछि तिम्रो पनि मन फेरिन्छ होला भनेर चिन्ता व्यक्त गरेकी छन् ।

यसरी प्रस्तुत गीतमा प्रेमिकाले पछि धोका हुने त होइन भनेर चिन्ता गरेकी छन् । प्रेमीले तिमी जस्तै अरू कोही मैले पाउदिन त्यसैले तिमी बाहेक अरूसँग मन लगाउदिन भनेर बाचा कसम गरेका छन् । यसरी यस गीतमा समाजमा युवायुवती बिच बसेको प्रेम तथा उनीहरू बिच हुने माया प्रेमको भावमा कसम, चिन्ता शङ्का, उपशङ्का जस्ता सोचलाई प्रस्तुत गरिएको पाइन्छ । यस गीतमा मुख्यतः प्रेम भावलाई नै मुख्य विषयवस्तु बनाई प्रस्तुत गरिएको पाइन्छ ।

### ३.२.१० हाम्रो माया दुर्घटना

गायक कृष्ण सुवेदीको अर्को उत्कृष्ट गीत 'हाम्रो माया दुर्घटना' हो । यसलाई २०७२ सालमा आशीष् म्युजिक प्रा.लि. काठमाडौंले बजारमा ल्याएको हो । यस गीतमा शब्द र लय गायक सुवेदीकै रहेको पाइन्छ । गीतमा गायक कृष्ण सुवेदीलाई स्वरमा पूर्णकला बी.सी.ले साथ दिएकी छन् ।

हाम्रो माया दुर्घटना शीर्षकको गीतमा समाजमा घट्ने घटनालाई नै मुख्य विषयवस्तु बनाइएको छ । समाजमा युवायुवती बिचमा हुने गरेको प्रेम सम्बन्ध र पछि विविध कारणले गर्दा हुने विछोडका साथै त्यसबाट उत्पन्न हुने पीडालाई गीतमार्फत् प्रस्तुत गर्न खोजिएको छ । गीतको शीर्षकबाट नै के प्रष्ट हुन्छ भने उनीहरूको माया दुर्घटनामा परेको छ । गीतमा आफूले मनैबाट माया गरेको मान्छे अरूको भएको भन्ने वियोगपूर्ण भाव झल्काइएको छ । गीतमा प्रेमीले शुरूमा माया प्रेम निकै रहर गरेर लगाए तर पछि आफ्नी प्रेमिका पराइको भएको कारण आफ्नो जिन्दगी शून्य र निराशाजनक भएको बताएका छन् । यता प्रेमिकाले पनि आफ्नो शरीर मात्रै पराई व्यक्तिसँग भएको अनुभूति गर्नुका साथै आफ्नो

पनि जिन्दगीका हरेक पल सुनसान र उराठमय भएको बताएकी छिन् । प्रेमिकाले आफूलाई छोडेर गए पनि उसको याद आफ्नो मनबाट जान नसकेको र उसैको सम्झनाले गर्दा रोइरहेको प्रेमीले बताएका छन् । प्रेमिकाले पनि दुःख मान्दै आफू उनलाई छोडेर पराईसँग जान बाध्य भएको र आफ्नो बाध्यतालाई बुझि धोका दिएको भनेर नठान्न प्रेमीलाई आग्रह गरेकी छन् ।

गीतमा मायाको यादमा तड्पिइरहेको भए पनि प्रेमीले अब प्रेमिका जोसँग छन् त्यसैलाई माया गर्नु र उनको सामु कहिल्यै पनि आफ्नो नाम नलिन आग्रह गरेका छन् । प्रेमिकाले पनि आफ्नो माया आफ्नो नहुँदा र बाध्यताबश मायामा हारेर पराईको हुनुपर्दा मनमा रहेको सम्झना मारेर नमर्ने सधैँ रहिरहने रहेछ भनेर माया प्रेम भनेको प्राप्ति मात्र नभई त्याग पनि हो भन्ने सङ्केत जनाएकी छन् । यसरी समग्रमा यस गीतमा युवायुवती बिचको माया, प्रेम र विछोड पछिको पीडालाई उतारिएको छ ।

### ३.२.११ यसपालिको दसैं मनाम् कसरी ?

२०७२ सालमा प्रकाशित 'यसपालिको दसैं मनाम् कसरी ?' गीतलाई आशीष् म्युजिक प्रा.लि. काठमाडौंले बजारमा ल्याएको हो । यस गीतमा गायक कृष्ण सुवेदी र गायिका माया गुरुङले स्वर दिएका छन् । जसमा शब्द र लय गायक स्वयम् सुवेदीकै रहेको छ । हिन्दूहरूको महान चाड दसैँलाई मध्येनजर गरेर यस गीतलाई बजारमा ल्याइएको पाइन्छ ।

प्रस्तुत गीत नेपाली लोकगीतको पर्व गीत अन्तर्गत पर्दछ । यस गीतमा हिन्दूहरूको महत्त्वपूर्ण चाड दसैँको विषयवस्तुलाई उतारिएको छ । यस गीतमा गरीब मानिसको समस्यालाई प्रस्तुत गरिएको पाइन्छ । गीतमा चाडपर्व सबैले मनाउनुपर्ने तर हासी खुसी रमाएर मनाउन गरीबको घरमा केही नहुँदा हुने समस्यालाई देखाउन खोजिएको छ । गरीब परिवारको पीडालाई श्रीमान् श्रीमतीको संवादबाट उतार्ने प्रयास गरिएको छ । श्रीमान्ले सबैले दसैं आयो भनेर रमाई रहेका तर आफू भने सधैं गरीब रहेको बताएका छन् । यता श्रीमती पनि दसैं आएर आफूलाई केही खुसी नभएको र आफ्नो पीडा कहाँ गएर लुकाउने भन्ने चिन्तामा परेकी छन् । उता श्रीमान् मीठो मसिनो खाएर चाडवाड मनाउन त कहाँ हो कहाँ भोको पेट भर्नका लागि साथमा एक पैसा नभएको दयनीय अवस्थाको उजागर गरेका

छन् । श्रीमती पनि आफूलाई दुःख परेको समयमा सहयोग गर्ने कोही छैन सबै कुरा आफैँले नकिनी हुँदैन भनर पीडा व्यक्त गरेकी छन् ।

यसरी प्रस्तुत गीतमा श्रीमान् श्रीमती बिच एक आपसमा संवाद गर्दै चाडपर्व आए पनि आफूसँग चाडपर्व मनाउन केही नभएको कुरालाई प्रष्ट पारिएको छ । बालबच्चाको रहर पूरा गर्न उनीहरूलाई खुसी बनाउन असमर्थ भएका छन् । दसैँमा हुने खाने मानिसको घरमा माछामासु खाने, रमाइलो गर्ने गर्दछन् तर गरीबको घरमा भने दुःखले बास गरेको छ भनेका छन् ।

अर्कातर्फ यस गीतमा पैसा हुनेहरूले चाडवाडमा जुवातास खेलेर पैसा उडाउने गरेको विकृतिलाई पनि देखाउने प्रयास गरिएको छ । यसरी समग्रमा यस गीतमा गरीबहरूको पीडा र वेदनालाई उतार्ने प्रयास गरिएको छ । वास्तवमा यो गीतमा समाजको एउटा वास्तविक पाटोलाई उतारिएको छ ।

### ३.२.१२ मेरी बुढीको चुरीफुरी निकै

प्रस्तुत गीत नेपाली लोकगीत विधाको पर्व गीत अन्तर्गत पर्दछ । तीजको समयलाई मध्यनजर गर्दै २०७२ सालमा आशीष् म्युजिक प्रा.लि. काठमाडौंले प्रकाशन गरेको हो । 'मेरी बुढीको चुरीफुरी निकै' शीर्ष गीतलाई गायक कृष्ण सुवेदी र गायिका रमा मिश्रले स्वर दिएका छन् । जुन गीतमा शब्द र लय सङ्कलन गायक कृष्ण सुवेदीकै रहेको छ ।

तीज पर्व विशेष गरी महिलाको पर्व हो । यस पर्वमा महिलाहरूले गीतमार्फत् पीर, व्यथा, वेदना पोख्ने गर्दछन् । अझ विशेष गरी विवाहित महिलाले आफ्ना घर परिवारमा आफूले भोगेका दुःख सुखका साथै आफ्ना मनका भाव गीतमार्फत् पोख्ने  गर्दथे । समयको परिवर्तनसँगै चाडपर्व मनउने शैलीमा परिवर्तन हुँदै आयो । अहिले आएर तीजमा महिलाले मात्र नभई पुरुषले पनि गीत गाउन थालेका छन् । गीतका विषयवस्तुमा महिलाका पीर, व्यथा मात्र नभएर युवायुवतीका मायाप्रेम तथा विछोडका विषयले प्रवेश पाएको पाइन्छ ।

यस गीतमा विशेष गरी श्रीमान् श्रीमती बिचको संवादलाई उतारिएको छ । गीतको शुरूमा श्रीमान्ले श्रीमतीको बानी व्यहोराको कुरा गरेका छन् । श्रीमती जहिले पनि नक्कल पारेर तडक-भडक देखाएर हिँड्ने गरेको र अझै मोडल बन्ने कुरा गरेको उनको बानीलाई उजागर गरेका छन् । आफू सामान्य जीवन मै रमाएको र श्रीमती भने श्रीमान्लाई सम्मान नगर्ने चुरीफुरी धेरै लगाउने, काम केही नगर्ने स्वभावकी छन् भन्छन् । यता श्रीमती भने

आफ्नो मनमा रहर भएपछि कसैले रोक्न नसक्ने र आफूलाई जे लगाए पनि, ले खाए पनि आफ्नो इच्छाले गर्ने हो भन्दै आफूलाई कसैको डर नभएको बताएकी छन् । श्रीमान् आम्दानी कम भएको तर श्रीमती भने धेरै खर्च गर्ने भाडाका सवारी साधन नचढ्ने र उनलाई आफ्नै साधन चाहिने जस्ता बानीले आफू दिक्क परेको कुरा गीतमार्फत् सङ्केत गरिएको छ ।

यता श्रीमती भने आफ्नो कार चढेर हिँड्ने रहर भएको तर श्रीमान्को भने मोटरसाइकल समेत किन्ने हैसियत नभएको भन्दै बचन लाएकी छन् । यस्ता कारणले श्रीमान् श्रीमतीदेखि हैरान भएका छन् । श्रीमतीले साथीका श्रीमान् कानमा टप लगाएर, कपाल ठाडो बनाएर, सहरिया बनेर निकै ठाटका साथ हिँड्छन् तर आफ्नो श्रीमान् साधारण भएको भन्दा श्रीमान्को मन दुखेको भाव गीतमा पाइन्छ । यसरी विभिन्न संवादमा श्रीमतीलाई आधुनिक सहरिया जीवन मनपर्ने तर श्रीमान्को उनलाई त्यसरी हिँड्नका लागि आर्थिक भारले थिच्ने भएकाले श्रीमान्को समस्या गीतमा देखाएको छ ।

यसरी समग्र गीतलाई हेर्दा श्रीमतीले श्रीमान्लाई सहरिया बन्न दबाब दिएको भाव देखिन्छ । श्रीमती सहरिया बनेर राम्रा-राम्रा महङ्गा कपडा श्रृङ्गारका सामान लगाएर मीठो-मीठो खाएर हिँड्नु पर्ने बानी व्यवहार उतारिएको छ । यता श्रीमान् भने सामान्य जागिरमा साधारण जीवन बिताउने प्रवृत्तिका छन् । अझ श्रीमतीलाई भने आफ्ना श्रीमान् लोभी भएको र राम्रो लुगा कपडा नलगाउने, नक्कल पार्न नजान्ने भएकाले आफ्नो श्रीमान् भन्न समेत सरम भएको छ । श्रीमतीका लागि नभए पनि आफ्ना लागि नक्कल पारी चिटिक्क परी हिँड्ने गर, हिम्मत र आट गर, हुतियार बनेर नहिँड भनेर श्रीमान्लाई अपमान गरेकी छिन् । यस गीतमा के स्पष्ट हुन्छ भने श्रीमान् र श्रीमती दुई विपरित स्वभावका छन् । साथै श्रीमतीले आधुनिक समयको बढी नै उपयोग गरेकी र आधुनिकताको नाममा विकृतितर्फ उन्मुख भएकी नारी पात्रको प्रतिनिधित्व गरेकी छन् ।

### ३.२.१३ अझैं माया

गायक कृष्ण सुवेदी र गायिका सावित्री जोशीको स्वरमा सजिएको 'अझैं माया मनमा साच्याछु' बोलको गीतलाई आशिष् म्युजिक प्रा.लि काठमाडौंले बजारमा ल्याएको थियो । यस गीतको शब्द र लय सङ्कलन गायक कृष्ण सुवेदीले नै गरेका हुन् ।

प्रस्तुत गीतमा सामाजिक विषयवस्तुलाई समेटिएको छ । गीतमा समाजमा घर परिवार भित्रको घटना विशेष गरी श्रीमान् र श्रीमती बिचको सम्बन्धलाई देखाइएको छ । गीतमा श्रीमान् रोजगारीको लागि घर बाहिर गएको र श्रीमान् गएपछि श्रीमती छोराछोरीको प्रवाह नगरी अर्का युवकसँग माया प्रेममा परेकी छिन् । श्रीमान्ले सबै कुरा थाहा पाएपछि श्रीमतीलाई त्यागेर आफ्ना छोराछोरी लिएर हिँडेका छन् । यता श्रीमती आफूले प्रेम गरेको युवकसँग पनि बस्न नसकेको अर्थात ती युवकले पनि उनलाई त्यागेकाले आफ्नो श्रीमान् र बालबच्चा सम्झेर पछुताएकी छिन् । यस गीतमा श्रीमान्ले श्रीमतीको पाइला पराई व्यक्तितर्फ मोडिएको छ त्यसै कारण छोराछोरीको माया मारेकी छौ भनेका छन् । श्रीमतीले पनि आफूले पहिला गल्ती गरेकी र अहिले आएर मनमा शान्ति नभएर कता जाऊ र कसो गरू भएको छ भनी आफ्नो कुरा गीतमा व्यक्त गरेकी छिन् । श्रीमान्ले तिमी छोराछोरी छोडेर पराईसँग हिँडेको खबर सुने तर कामको बाध्यताले गर्दा आउन नपाएको र यस्तो कुरा सुन्दा आफू मुर्छित भएको बताएका छन् । यता, श्रीमतीले पनि आफू अब छोराछोरीको साथमा हुन सकिन त्यसैले उनीहरूको राम्रो पालन पोषण गर्नु र आफ्नो माया पनि थपेर उनीहरूलाई दिनु भन्ने आग्रह श्रीमान्सँग गीतमार्फत् गरेकी छिन् । उता श्रीमान्ले भने मेरो माया त्यागेर गए पनि जो सँग भए पनि खुसी रहनु भनेर श्रीमतीलाई भन्दछन् । यता श्रीमती अब आफ्नो जीवनमा खुसी भन्ने नरहेको र उनलाई रातदिन श्रीमान् कै माया र यादले सताई रहेको कुरा व्यक्त गर्दछिन् । यसरी समग्रमा यस गीतलाई नियाल्दा हाम्रो समाजमा घट्ने यथार्थ घटनालाई चित्रण गरिएको छ । घर, परिवार, बालबच्चाको स्याहार गरेर आफ्नो घर सम्हालेर बस्नु पर्ने जिम्मेवारी पाएकी श्रीमतीको सानो गल्तीले गर्दा सुखमय परिवार बिग्रन्छ भन्ने कुरा देखाइएको छ ।

### ३.२.१४ पापिनी

गायक कृष्ण सुवेदीको आवाजमा सजिएको अर्को चर्चित गीत 'पापिनी' आशिष् म्युजिक प्रा.लि. काठमाडौँबाट २०७३ मा प्रकाशन भएको छ । यस एल्बमको शीर्ष गीतमा गायक सुवेदीलाई लोक गायिका शर्मिला गुरुङले आवाजमा साथ दिएकी छिन् । यस गीतमा शब्द र लय सङ्कलन भने दीपक पौडेलको रहेको पाइन्छ । प्रस्तुत गीतमा समाजको समसामयिक घटनालाई नै मुख्य विषयवस्तु बनाएर गाइएको पाइन्छ । यस गीतमा मुख्यतः युवायुवती बिचको प्रेम र विछोडलाई केन्द्रमा राखिएको पाइन्छ । गीतमा युवायुवतीहरू

पहिले सोच विचार नगरी माया प्रेम गर्ने र पछि साना-साना कुरामा मन नमिलेर विछोड भएर पछुताएको कुरालाई देखाइएको छ । गीतको शीर्षकबाट नै के स्पष्ट हुन्छ भने प्रेमीप्रेमिका एक अर्काबाट विछोड भएका र विछोड पछिको अवस्थालाई सामान्य रूपमा लिन नसकी पागल जस्तै भएर हिँडेको अवस्थालाई बुझ्न सकिन्छ । अर्कोतर्फ यसरी विरक्तिएर हिँडेका युवा-युवतीलाई हाम्रो समाजले माया तथा सहानुभूति दिन नसकी उल्टै विभिन्न आरोप लगाएर कुरा काट्ने कुरौटे समाजलाई पनि सङ्केत गरिएको छ ।

यस गीतमा प्रेमीले आफ्नी प्रमिकासँग विछोड भए पछि आफू सधैं आँसुमा नै डुबेर बाँचेको र चाहेर पनि आँसु सँगको सम्बन्ध छुटाउन नसकेको कुरा बताएका छन् । यता प्रेमिकाले पनि प्रेमीले आफ्नो मन साह्रै दुखाएको तर पनि उसैको याद झन् धेरै आइरहेको छ भनेर भनेकी छिन् । उता प्रेमी पनि आफ्नो जीवन आँसुको सागर बनेको र प्रेमिकालाई कहाँ गएर भूल्न सकिएला भनेर चिन्तित बनेका छन् । सधैं आफ्नो जीवनलाई आँसुको सागरसँग तुलना गरेका छन् भने प्रेमिकाले पनि त्यस दिनदेखि आफू हरेक दिन रोएर बिताएकी छु भनेर भनेकी छिन् । यसरी उनीहरू एक अर्काबाट छुट्टिएर शारीरिक रूपमा दुईतिर भए पनि मन भने एक अर्कासँग नै भएको भाव व्यक्त गरेका छन् । आफूहरू जति अभागी यो दुनियाँमा अरू नभएको कुरा बताएका छन् । यसरी समग्रमा यस गीतलाई अध्ययन गर्दा सामाजिक विषयलाई नै मुख्य स्थान दिएको पाइन्छ । समाजमा घट्ने घटना र त्यसबाट उत्पन्न हुने समस्यालाई चित्रण गरिएको छ । यस गीतमा प्रेमीले प्रेमिकालाई पापिनी र प्रेमिकाले प्रेमीलाई निष्ठुरीको संज्ञा दिएका छन् । गीत पनि वियोगान्त भै टुङ्गिएको छ ।

### ३.२.१५ मेरी दुलही

गायक कृष्ण सुवेदीको स्वरमा सजिएको अर्को चर्चित एल्बम 'मेरी दुलही' २०७३ सालमा आशीष् म्युजिक प्रा.लि काठमाडौँबाट प्रकाशन भएको हो । प्रस्तुत एल्बम तीजको सन्दर्भलाई समेटेर तीजे भाकामा गाइएको पाइन्छ । यस एल्बममा गायक कृष्ण सुवेदीलाई गायिका राधिका हमालले स्वरमा साथ दिएकी छिन् । यस गीतको शब्द र लय सङ्कलन गायक स्वयम् नै हुन् ।

प्रस्तुत गीत नेपाली लोकगीत अन्तर्गतको पर्व गीत अन्तर्गत पर्दछ । पहिले-पहिले तीज पर्व भनेको महिलाले मात्र मनाउने भनिन्थ्यो । त्यसैले तीजका गीत महिलाहरूले मात्र

गाउने गर्दथे । तीज गीतमा महिलाका पीर, व्यथा तथा विरहका भाव पोखिन्थे । तर समयको परिवर्तनसँगै अहिले आएर तीज पर्वका गीत महिला पुरुष दुवैले गाएको पाइन्छ । तीज पर्वका गीतमा महिलाका पीर व्यथा मात्र नभई युवा-युवतीका माया प्रेमका भाव पनि झल्किन्छन् । यसरी प्रस्तुत गीतमा पनि श्रीमान् श्रीमतीको पारिवारिक गन्थनलाई गीतका प्रमुख विषयवस्तु बनाइएको छ । श्रीमान् श्रीमतीकै ठोकानमा गीतको विषय घुमेको पाइन्छ र अन्त्यमा पनि झगडा भएर नै टुङ्गिएको छ ।

प्रस्तुत गीतको थोगोबाट नै के स्पष्ट हुन्छ भने उनी आफू ठूलो मान्छे र आफ्नो कुलघरान पनि ठुलै भएको तर आफ्नी श्रीमती भने आफूले भनेको नमान्ने र आफूसँग मीठो पनि नबोल्ने, आफूसँग दौतरी नमिल्ने खालकी भएकी भन्दै श्रीमतीलाई अपमान गरेका छन् । यता श्रीमतीले पनि आफ्ना श्रीमान् काम केही नगर्ने तर कुरा मात्रै ठूला गर्ने र आफूले भनेको नमान्ने, सधैं ठूलो बन्ने स्वभावले गर्दा आफूले सोचे जस्ता आफ्ना श्रीमान् नभएको गुनासो गरेकी छिन् । उता श्रीमान्ले आफ्नी श्रीमती आफूले पटक-पटक घुम्न जाम भन्दा मान्दिन, नत राम्रो लगाउन जानेकी छ नत मीठो खान जानेकी छ भनेर गीत मार्फत् भनेका छन् । श्रीमतीले पनि तिम्रो पो काम बाहिर घुम्ने र खाएर हिँड्ने छ मलाई घरको काम धन्दाले कहाँ फुर्सद छ र बाहिर घुम्न, मीठो खान जानी हो भनेर आफ्नो समस्या उजागर गरेकी छन् । यसरी श्रीमान्ले श्रीमतीलाई न काम गर्ने जाँगर देखाउँछेस्, न सफासुग्घर भएर हिँड्छेस् भनेका छन् । श्रीमतीले पनि श्रीमान्लाई धेरै फुर्ती नलगाऊ किनकि मैले दुःख गरेर घर सम्हालेर पो तिमी राम्रो लगाएर मीठो खाएर हिँडेका छौं भनेर आफ्नो जीवनको वास्तविक पक्षलाई उजागर गरेकी छन् । उता श्रीमान्ले भने आफ्ना साथीभाइका श्रीमतीहरू राम्रा भएर नक्कल पारेर हिँड्छन् त भने घरमा नै केही काम नगरी बस्छेस भनेर अपमान गरेका छन् ।

यसरी सम्पूर्ण गीतमा श्रीमान्ले श्रीमतीलाई घरमा पाहुना आउँदासमेत न राम्रो बोल्ने, न मीठो मसिनो बनाएर खुवाउने, म जस्तो राम्रो श्रीमान् पाउँदासमेत ठूली हुन्छे भनेर उनका कमजोरीहरू बताउछन् । यसैगरी श्रीमतीले पनि आफू प्राकृतिक रूपमै राम्रो भएको र बनावटी शृङ्गारको आवश्यकता नभएको कुरा बताउछिन । श्रीमान् बाहिर-बाहिर डुली हिँड्ने र घरको काम केही नगर्ने उल्टै श्रीमतीलाई दोष लगाएको कारणले अबबाट श्रीमान्लाई बाहिर घुम्न जान नदिनी कुरा गरेकी छिन् । यसको परिणाम जे भए पनि होस् भनेर श्रीमतीले आफ्नो अडान लिएकी छन् । यसरी प्रस्तुत गीतमा श्रीमान् श्रीमती बिचको

वार्तालापलाई देखाइएको छ । यस गीत भित्र श्रीमान्‌ले श्रीमतीलाई विभिन्न दोष लगाएर अपमान गरेका छन् । श्रीमतीले पनि श्रीमान् घरको केही कामधन्दा नगर्ने उल्टै आफूलाई विभिन्न दोष लगाउनी भनेर आक्रोश पोखेकी छन् । समग्रमा गीत सामाजिक विषयवस्तुमा केन्द्रित भएको पाइन्छ ।

### ३.२.१६ अहिलेसम्म छैन चिनेको

'अहिलेसम्म छैन चिनेको' गीत नेपाली लोकगीतअन्तर्गत बाह्रमासे गीतमा पर्दछ । यो गीतलाई पञ्चेबाजाको लयमा गाइएको पाइन्छ । यस गीतमा स्वर कृष्ण सुवेदी र सुनीता नेपालीको रहेको छ । प्रस्तुत गीत आशीष् म्युजिक प्रा.लि. काठमाडौंले २०७३ सालमा प्रकाशनमा ल्याएको हो । यस गीतको शब्द र लय सङ्कलन भने गायक कृष्ण सुवेदीकै रहेको छ ।

प्रस्तुत एल्बमको शीर्ष गीतमा दुई युवायुवतीले आफ्नो पीर व्यथा गीतका माध्यमबाट पोखेका छन् । उनीहरू प्रेमीप्रेमिका नभई अन्जान मै आफ्नो जीवन साथीको खोजीमा रहेको भाव गीतबाट झल्केको पाइन्छ । केटाले आफ्नो बिहे गर्ने उमेर पुगेको तर अहिलेसम्म बिहे नभएको र यसवर्ष जसरी भए पनि आफ्नो बिहे गर्ने सोच भएको कुरा बताएका छन् । यता केटी आफूले अहिलेसम्म जीवनसाथी नभेटाएको र गाउँमा बुढी कन्या भई भनेर कुरा काट्न थालिसकेका र आफ्नो भाग्य कस्तो छ भनी थाहा नभएको भनि भविष्यप्रति चिन्तित बनेकी छन् । केटाले घरमा बाबु आमासँग बिहे गरी देऊ भन्दा-भन्दा हैरान भैसकेको र बाबु आमाले नजरमा आफू नराम्रो भएको छु भन्दै आफ्नो समस्या देखाएका छन् । यस्तै केटीले अहिलेसम्म बुढी भएर बसेकी छ भनेर गाउँमा कुरा काटेर बसी नसक्नु भएको छ यसैकारण आफूलाई कता जाऊ र कसो गरूँ भएर आफ्नो मन साह्रै आत्तिएको कुरा बताएकी छन् । यसरी बिहेको दिन जुरेर आउनु पर्ने रहेछ आफूले चाहेर नहुँदो रहेछ भनेर केटाले भनेका छन् । यता केटीको पनि आफू भन्दा सानो भाइको बिहे भएर छोरा जन्मी सकेको र भाइले छोरा खेलाएको देख्दा आफ्नो मन साह्रै रूने गरेको कुरा बताएकी छिन् । यस गीतमा दुबै जनाले आफ्नो जीवन साथी को हो ? कस्तो छ ? भनी नचिनेको कुरा गरेका छन् ।

यसरी प्रस्तुत गीतमा केटाकेटी दुवैको बिहे नभएर वा जीवन साथी नभेटेर एक्लो जीवनबाट विरक्तिएको भाव यस गीतमा पाइन्छ । उमेर पुगेका युवा-युवतीको समयमा

विवाह नहुँदा उनीहरू माथि पर्ने सामाजिक तथा मानसिक समस्यालाई गीतमा उतारिएको छ । समाजमा गरिने नकारात्मक कुरा तथा त्यसको कारणले गर्दा उनीहरूको आत्मबल कमजोर हुने र जीवन निराशा तिर धकेलिने सङ्केत गीतमा गरिएको छ । समग्रमा यो गीतलाई सामाजिक विषयवस्तु बोकेको गीत हो भन्न सकिन्छ ।

### ३.२.१७ सालैजो गीत

प्रस्तुत गीत यस अध्ययन पत्र तयार पार्दा २०७३ को फागुन मसान्तसम्म गायक कृष्ण सुवेदीले स्वर दिएको अन्तिम गीत हो । प्रस्तुत गीतमा गायक कृष्ण सुवेदीलाई गायिका दिलु लामाले स्वरमा साथ दिएकी छिन् । प्रस्तुत गीत नेपाली लोकगीत अन्तर्गतको बाह्रमासे गीतमा पर्दछ । बाह्रमासे गीत जुन बाह्रै महिना गाउन सकिन्छ । यस्ता गीतहरू गाउन कुनै चाडपर्व, मेला महोत्सव कुर्नु पर्दैन ।

सालैजो गीत पहिला-पहिला गाउँ घरमा रोधी बस्दा गाउने गीत हो । विशेष गरी यो गुरुङ, मगर समुदायमा गाइने गीत हो । समयको परिवर्तन सँगै आजभोलि जुनसुकै जातिले यो गीत गाउने गरेको पाइन्छ । यस गीतमा युवायुवतीको माया प्रेमका साथ साथै भौगोलिक वर्णन समेत गरिएको पाइन्छ । विभिन्न ठाउँका विशेषतालाई गीतमा वर्णन गरिएको पाइन्छ । यस गीतमा जसरी पर्वतको मीठो नास्पति र स्याङ्जाको सुन्तला भए झैं आफूहरूको माया, प्रेम पनि त्यस्तै मीठो भएको तर पछि छुटेपछि नमीठो घाउ हुने र सम्हाल्न गाह्रो हुन्छ भन्ने चिन्ता व्यक्त भएको पाइन्छ । हरेकपल मायालुको सम्झना आइरहने हुँदा उनीहरूलाई एक आपसमा भेट गर्न मात्र मन लाउने कुरा व्यक्त गरिएको छ । यस्तै नेपालकै अग्लो पुल पर्वतमा रहेको र कुश्मा हुँदै त्यही अग्लो पुल हेर्न जानी । प्रेमीप्रेमिका उतै रोदीमा रमाएर रात बिताएपछि मायालुको मीठो बोलीको सम्झना पछिसम्म रहिरहने कुरा बताइएको छ । यस्तै अर्को मुस्ताङको विशेषताको रूपमा मुक्तिनाथ मन्दिर तथा बाग्लुङको विशेषता भनेको बाग्लुङकालिका मन्दिर रहेको छ । यस्तै आफ्नी प्रेमिकालाई मायाले बेरेर आफ्नी दिलकी रानी बनाउने कुरा पनि गरेका छन् । यसरी आफ्नो दिलभित्र अरू कोही नभएको र आफ्नो माया जन्मौ मर्दैन भनेर अमर मायाको उजागर गरेका छन् ।

समग्रमा यस गीतमा विभिन्न जिल्लाका विशेषतालाई वर्णन गर्नुका साथै आफ्नो माया प्रेमलाई तिनै महत्त्वपूर्ण तथा प्रख्यात स्थलसँग दाजेर उत्कृष्ट भएको अनुभव गरेका

छन् । यस प्रकार यस गीतमा माया प्रेमका साथै भौगोलिक विशेषतालाई पनि स्थान दिइएको छ । यसैले यस गीतलाई भौगोलिकता बोकेको गीत भनेर भन्न सकिन्छ ।

### ३.३ निष्कर्ष

लोक जीवनमा निहित जीवनका विभिन्न पक्षलाई उजागर गर्ने लोकगीत सङ्गीत हाम्रो लोक जीवनका पहिचान हुन् । लोक जीवनका हृदयमा रहेका गीतले सरलता, सहजता, कोमलता, मार्मिकता जस्ता हृदयस्पर्शी शिल्प र शैली अपनाउँदै देश, काल र परिवेशको चित्रण गरेका हुन्छन् । लोक जीवनमा विविध अनुभव र अनुभूतिको यथार्थ गर्न लोकगीत सुनेर मानिसले हृदयमा शान्ति र शीतलताको अनुभव गर्दछ । समयको परिवर्तनसँगै तिनै लोक जीवनका कला र संस्कृति आधुनिकीकरणबाट सहरीकरण हुँदै आएको पाइएको छ । लोकगीत सङ्गीतले लोक जीवनको यथार्थ मात्र नभई सहरिया जोवनको चित्रणसमेत गरेको पाइन्छ ।

गायक कृष्ण सुवेदीले थुप्रै गीतहरू गायका र सङ्कलन गरेका छन् । उनले वि.सं. २०६६ मा 'राम्री चिटिक्कै' एल्बमको साइड 'बी' मा 'ढुङ्गालाई देवता मानेर' बोलको गीत गाएर आफ्नो गायन यात्रा प्रारम्भ गरेका थिए । त्यसपछि उनले धेरै गीतहरू गाएर चर्चा पाएका छन् र केही गीतहरू आउने क्रममा पनि छन् । उनले गाएका गीतमा विषयवस्तु विशेषगरी गाउँले तथा सहरिया युवा-युवतीका माया प्रेम मिलन, विछोड सम्बन्धी नै रहेको छन् । कुनै गीतमा युवा-युवतीहरू प्रेममा चुरलुम्ब डुबेर प्रेममा मिलन भएको देखाइएको छ भने कुनै गीतमा विछोड भएर तड्पिएको देखाइएको छ । यसरी मिलन विछोड हुनुमा व्यक्तिगतका साथै पारिवारिक र सामाजिक कारणहरू नै देखाइएका छन् । यसैगरी सुवेदीले तीजे भाकामा नारी वेदनाका गीतहरू गाएका छन् । तीजे भाकाका गीतमा उनले परिवार भित्र श्रीमान् श्रीमती बीचका माया प्रेम, झगडा र नारीका वेदनालाई मुख्य विषयका रूपमा उतारेका छन् । सुवेदीले पञ्चेवाजा भाकामा र सालैजो भाकामा पनि गीत गाएका छन् । उनले हिन्दूहरूको महान चाड दसैंको अवसरमा गरीब मानिसमाथि हुने आर्थिक समस्यालाई केलाउँदै उनीहरूको पीडा र व्यथालाई मुख्य विषयवस्तु बनाएर गीत सङ्कलन गरी गाएका छन् । सुवेदी एक सिर्जनशील स्रष्टा हुन् । उनले स्वर दिएका र सङ्कलन गरेका अन्य गीतका एल्बमहरू प्रकाशन हुने क्रममा रहेका छन् ।

परिच्छेद : चार

# कृष्ण सुवेदीका गीतको अध्ययन

कृष्ण सुवेदी दोहोरी गीतमा विभिन्न भावका विषयवस्तु समावेश गरेर लोकगीत गाउँदै आएका स्रष्टा हुन् । गाउँ, सहरको परिवेश अनुसारका विषयवस्तुलाई टपक्क टिपेर मिठासपूर्ण शब्दमा बाँधेर गीत गाउन गायक सुवेदी सिपालु देखिन्छन् । उनले आफ्ना गीतमा मानव जीवनका तीता-मिठा यथार्थलाई सरल शब्दमा प्रस्तुत गरेका छन् । यसैकारण उनका गीतहरूको सङ्कलन र अध्ययन गरिनु भनेको लोक जीवन तथा लोक साहित्यको सम्मान हो । अझ उनका गीतलाई अध्ययन गरिनु आजका युवा गायक पुस्तालाई लोक साहित्यतिर आकर्षक गर्नु हो । यसैकारण कृष्ण सुवेदीले गाएका गीतलाई वर्गीकरण गरी उनका गीतमा के-कस्ता भाव तथा विषयवस्तु समेटिएका छन् भन्ने मुख्य अभिप्रायबाट यस परिच्छेदमा सुवेदीले गाएका गीतलाई वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ४.१ कृष्ण सुवेदीले गाएका गीतको वर्गीकरण

नेपाली लोकगीतलाई गायन शैलीका दृष्टिले तथा विषयवस्तुको आधारमा वर्गीकरण गरी छुट्याउन सकिन्छ । नेपाली लोकगीतलाई बाह्रमासे गीत, श्रमगीत, पर्व गीत र रीति संस्कार गीत गरी वर्गीकरण गर्न सकिन्छ । बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । श्रम वा काम गर्दा गाइने गीतलाई श्रम गीत भनिन्छ । पर्व विशेषमा गाइने गीतलाई पर्व गीत भनिन्छ । यस्तै मान्छेले रीति संस्कारमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । गायक कृष्ण सुवेदीले गाएका गीतलाई यिनै चार आधारमा वर्गीकरण गरिएको छ । सुवेदीले बाह्रमासे गीत, पर्व गीत र संस्कार गीतहरू गाएका छन् ।

### ४.१.१ बाह्रमासे गीत

लोक जीवनसँग सम्बन्धित अथवा मानव जीवनको सम्पूर्ण आरोह-अवरोहलाई समेटेर गाइने गीतलाई लोकगीत भनिन्छ । अझ विशेष गरी लोक अर्थात् गाउँले जीवनको यथार्थ झल्काउने गीत लोकगीत हो । यस्ता लोकगीत विभिन्न प्रकारका हुन्छन् । ती मध्ये एक बाह्रमासे गीत पनि हो । बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ (न्यौपाने, २०६०:३०) । यसै गरी बाह्रमासे गीतमा लोक दोहोरी गीत, एकल

गीत र सालैजो गीत पर्दछन् । एकल गीत भन्नाले व्यक्तिका मनमा भएका पीर, व्यथा, माया-प्रेम तथा विभिन्न चेतनामुलक विषयवस्तु, भौगोलिक विषयवस्तुलाई एउटै व्यक्तिले सवालजवाफ नगरी एकै स्वरमा गाउने गीतलाई एकल गीत भनिन्छ । यसै गरी लोक दोहोरी गीत समूहमा गाउने गीत हुन् । लोक गायकको सरल हृदयबाट निःसर्त भावुक उद्‌गारलाई लयमा बाधेर प्रश्नोत्तरको रूपमा गाइने गीत दोहोरी गीत हो (न्यौपाने, २०४४:१६) । प्रायः लोक दोहोरी गीतहरू विविध भाकामा पुरुष र स्त्री बीच सामूहिक तथा वैयक्तिक रूपमा माया प्रीतिका कोमल भावदेखि लिएर जीवन यात्राका अनेक आरोह, अवरोहहरूलाई विषयवस्तु बनाइएर गाइएका हुन्छन् (थापा, २०५०:६९) । दुई व्यक्ति अथवा समूहका बिच गीतमै गरिने सवाल जवाफलाई दोहोरी गीत अथवा जुहारी पनि भनिन्छ ( बन्धु, २०५८:१४०) ।

यसैगरी बाह्रमासे गीत अर्न्तगत पर्ने अर्को गीत सालैजो पनि हो । सालैजो पनि हो । सालैजो गीतमा माया प्रेमका भाव तथा विभिन्न ठाउँ विशेषको वर्णन गरेको पनि पाइन्छ । विशेष गरी  सालैजो गीत पहिला पहिला गुरुङ, मगर समुदायमा रोधी बस्दा गाउने गीत हो । अहिले आएर सबै समुदायका गायक गायिकाले यस प्रकारको गीत गाउँछन् । सालैजो थेगो प्रयोग गर्दै गाइने, यस गीतको सालैजो शब्द साली र ज्यू शब्दको मेलबाट निर्मित भएको हो (न्यौपाने, २०७०:४१) ।

यसरी बाह्रमासे गीतलाई हेर्दा गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा ‘राम्री चिटिक्कै’, ‘बाँच्नै गाह्रो भाछ’, ‘पीर परेर आको बेलामा’, ‘सँगै जिउँछु मर्छु भनेर’, ‘सानु तिम्रै बन्न’, ‘तिम्लाई भूल्न जान्दै जानेन’, ‘स्याङ्जामा घर छ’, ‘हाम्रो माया दुर्घटना’, ‘पापिनी’, ‘अझैं माया’, ‘सालैजो’ जस्ता शीर्षकका लोक दोहोरी गीत तथा सामुहिक गीतहरू यस अन्तर्गत पर्ने गीत हुन् । गायक कृष्ण सुवेदीका प्रायः गीतहरू युवायुवतीका बिच हुने माया-प्रेम, मिलन-विछोड तथा त्यसबाट उत्पन्न हुने परिणामलाई मुख्य विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ । केही गीतमा माया प्रेमका साथै भौगोलिक वर्णनलाई मुख्य विषयवस्तु बनाइएको छ ।

### ४.१.२ पर्वगीत

नेपाली लोकगीतअन्तर्गत मध्ये पर्व गीत पनि एक हो । यस्ता गीतहरू विभिन्न चाडपर्व विशेषमा गाइने गरिन्छ । यस्ता पर्व गीतहरू विशेषतः तीज, दसैं, तिहार जस्ता

विभिन्न चाडपर्वमा गाइने गरिन्छ । गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा तीजे गीत र दसैं गीत पनि रहेको पाइन्छ । तीज पर्व विशेष गरी महिलाहरूको पर्व हो । यस पर्वमा विशेष गरी महिलाले आफ्ना मनका पीर, व्यथालाई गीतको माध्यमबाट पोख्ने गर्दछन् । अझ विशेष गरी विवाहिता चेलीले आफूले आफ्नो कर्म घरमा भोगेका दुःख, कष्ट तथा पीडालाई माइती घरमा आएर यस पर्वमा गीतको माध्यमबाट पोख्ने गरेको पाइन्छ । तर समयको परिवर्तनसँगै आजभोलि तीजे गीत महिला पुरुष दुवैले दोहोरीको रूपमा गाउने गरेको पाइन्छ । गायक कृष्ण सुवेदीले पनि तीज पर्वलाई विशेष महत्त्व दिइ केही गीतहरू गाएका छन् । उनका तीजे गीतका विषयवस्तु प्रायः माया, प्रेमकै विषयमा आधारित छन्, भने कुनै गीत घर परिवारमा हुने श्रीमान् श्रीमती बिचका मन, मुटाव र माया प्रेममा नै केन्द्रित रहेको पाइन्छ ।

यी र यस्तै विषयवस्तु समेटिएका गायक कृष्ण सुवेदीले गाएका र हालसम्म प्रकाशित भएका तीजे गीतहरूमा ‘किन ढिपी गर्छौ ?’, ‘कम्मर मकाई-मकाई’, ‘मेरी बुढीको चुरीफुरी निकै’ र ‘मेरी दुलही’ जस्ता शीर्षकका गीत रहेको पाइन्छ । यसै गरी सुवेदीले पर्व गीतलाई नै मध्य नजर गरी दसैंको अवसरमा अर्को गीत गाएका छन् । उनले हिन्दूहरूको महान् पर्व दसैंलाई मध्यनजर गरी ‘यस पालिको दसैं मनाम् कसरी’ शीर्षकको गीत गाएका छन् । चाडपर्वको बेलामा गरीब माथि आइपर्ने समस्या तथा उनीहरूका पीडा र वेदनालाई यस गीतमार्फत् उतारेका छन् ।

### ४.१.३ संस्कार गीत

नेपाली लोकगीतअन्तर्गत पर्ने गीतमध्ये संस्कार गीत पनि एक हो । संस्कार गीतहरू विभिन्न विवाह, उत्सव, चाडपर्वमा गाइने गरिन्छ । संस्कार गीतमा नौमती बाजा र पञ्चेबाजामा गाइने गीतहरू पनि पर्दछन् । नौमती र पञ्चेबाजाका गीतहरू विशेष गरी विवाह संस्कारमा गाइने गीत भए पनि आजभोलि अन्य समयमा पनि गाइने गरेको पाइन्छ । गायक कृष्ण सुवेदीले केही गीतहरू पञ्चेबाजामा गाएका छन् । पञ्चेबाजाका गीतहरूमा विषयवस्तु विशेष गरी विवाहमा बेहुला पक्ष र बेहुली पक्षका युवा-युवती बीच जुहारी चली एक पक्षले अर्को पक्षलाई हराउने उद्देश्यका साथ गाइने गरिन्थ्यो । यस्ता गीतहरूमा केटा पक्षले जितेमा केटी पक्षलाई विवाह गरी लैजाने र केटी पक्षले जितेमा उनीहरूकै सर्त मान्नु पर्ने हुन्थ्यो । तर पञ्चेबाजा र नौमती बाजाका गीतहरूमा युवा-युवती बीचका मायाप्रेमका

विषयवस्तु नै बढी मात्रामा रहेको पाइन्छ । गायक कृष्ण सुवेदीले पनि आफ्नो गायन यात्राका क्रममा पञ्चेबाजा र नौमतीबाजाका भाकामा गीत गाएका छन् । उनका गीतमा पनि यिनै माया प्रेमसम्बन्धि विषयवस्तु रहेको छ । सुवेदीका हालसम्म सार्वजनिक भएका पञ्चेबाजाका गीतहरूमा 'नभन आज भोलिमा' र 'अहिलेसम्म छैन चिनेको' शीर्षकका गीतहरू रहेको पाइन्छ ।

यसरी गायक कृष्ण सुवेदीले बाह्रमासे अन्तर्गत दोहोरी गीत र सालैजो गीत, पर्वगीत अन्तर्गत तीजे भाकाका गीत र दसैंको गीत र संस्कार गीतमा पञ्चेबाजामा बज्ने गीतहरू गाएका छन् । यिनका गीतहरूमा लोकगीतका अनेक लय र भाकाहरू समेटिएको अनुभव गर्न सकिन्छ ।

## ४.२ कृष्ण सुवेदीले गाएका गीतमा अभिव्यक्त विषयवस्तु र भाव

गायक कृष्ण सुवेदीले गाएका तथा सङ्कलन गरेका गीतहरूमा लोक जीवनका साथ-साथै सहरीया युवा-युवतीका जीवनको अनेकौं पक्षहरूको सरल, सहज र मार्मिक र लयात्मक चित्रण पाइन्छ । आफ्ना गीतहरूको माध्यमबाट उनले अभिव्यक्त गरेका विषयवस्तु र भावहरू निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.२.१ माया प्रेम

कुनै पनि गीत सङ्गीतमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा माया प्रेमको भाव आएकै हुन्छ । गीत सङ्गीतमा मात्र नभई यो भौतिक संसार नै माया प्रेममा अडिएको छ । मानिसको जीवनमा जन्मदेखि मृत्युसम्म उमेर, समय र परिस्थिति अनुसार माया प्रेमका स्वरूप पनि फरक-फरक हुन्छन् । माया प्रेमका भोगाईमा माया प्रेमका बन्धनहरू बाँधिदै र फुस्किदै जादा जीवन परिपक्क र पाको हुँदै जान्छ । गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा पनि समय र परिस्थिति अनुसार जीवनका उकाली ओरालीमा माया प्रेमका स्वरूप भिन्न हुन सक्छन् तर माया प्रेमको सम्बन्ध सौन्दर्य एउटै हुन्छ भन्ने भाव अभिव्यक्त गरेका छन् :

*हाम्रो माया सबैलाई थाहा होस्*
*चखेवाको जोडीलाई डाहा होस्*
*सँगै जीउँछु मर्छु भनेर*

*आजसम्म कसैलाई भनिन*

*अब भन्छु मान्छे जम्मा पारेर*

*तिम्लाई माया गर्छु भनेर*

*(सँगै जीउँछु मर्छु भनेर )।*

उनका गीतहरूले माया प्रेममा हतार गरेर हुँदैन र माया सफल बनाउन धैर्य र सहनशीलता हुनुपर्छ भन्ने भाव प्रकट गरेका छन्:

*लान्छु तिम्लाई सिन्दुरै भरेर*

*बस केही दिन प्रतीक्षा गरेर*

*नभन आजभोलिमा*

*कि त वैशाख कि मंसिर कि माघै मैनामा*

*चढाउछु डोलीमा*

*(नभन आज भोलिमा)।*

युवायुवती माया प्रेममा परेपछि आफ्नो मन, सोच विचार सबै भिन्न भएको महशुस गर्छन् र मायालुको यादमा एकोहोरो भएर रातो दिन हरियो देख्दछन् भन्ने भाव यहाँ देख्न पाइन्छ:

*स्याङ्जालीको फन्दामा परियो*

*देख्न थाले रातो नि हरियो*

*जे परे पर्छ, लाममाया साइँली जे परे पर्छ,*

*झापामा घर छ*

*मलाई के को डर छ (स्याङ्जामा घर छ)।*

माया प्रेम भन्ने चिजसँगै हुँदा जति लाग्छ त्यो भन्दा बढी एक आपसमा टाढा हुँदा लाग्ने छ र एक अर्का बिचको दूरीमा रहेर मायालुलाई सम्झेर तडपिनु पर्ने हुन्छ।

*पर्वतमा पाइने नास्पती मीठो, स्याङ्जाका सुन्तला*

*अहिले त माया यो विधी लाछ छुटेमा कुन्चाल*

*तिम्रै मात्र तिम्रै मात्र सम्झना आउनी।*

*जुन बेलानी भेट हुन मन लाउनी*

*(सालैजो)।*

गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा युवायुवती बिचका मायाप्रेम सम्बन्धी अनेकौं पक्ष र प्रसङ्ग रहेका छन् । युवायुवती होऊन् या पतिपत्नी बिचको मायाप्रेम सवालजवाफका साथै अनेकौं विषयवस्तु समेटिएका गीतहरू भए पनि मुख्य गरी माया प्रेमकै विषय बढी रहेको पाइन्छ । मुख्य गरी 'सँगै जीउँछु मर्छु भनेर', 'सानु तिम्रै बन्न', 'स्याङ्जामा घर छ', 'नभन आजभोलिमा', 'सालैजो' आदि गीतमा मायाप्रेम सम्बन्धि भाव अभिव्यक्त भएको पाइन्छ ।

### ४.२.२ नारीका वेदना

नेपाली समाज एक पुरुष प्रधान समाज हो । यहाँका नारी जातिहरू परम्परादेखि नै पुरुषको दबाबमा पिल्सिदै र थिचिँदै आइरहेको पाइन्छ । समाज जति नै विकसित र परिवर्तनशील किन नहोस् नारी माथि हुने अन्याय र अत्याचार भने कम हुन सकेको पाइँदैन । पुरुषले नारी माथि अन्याय र अत्याचार गर्दै आइरहेका छन् । शारीरिक हुन् या मानसिक सबै प्रकारका अन्याय नारीले सहनु परेको छ ।

गाउँले नारीहरूको जीवन प्रायः मेलापात, घाँसदाउरा मै बितेको पाइन्छ भने सहरीया नारीहरू घरकै काम खाना बनाउने, खुवाउने, भाडा माझ्ने, लुगा कपडा धुने जस्ता घरायशी काममै दिन बिताइरहेको पाइन्छ । पुरुषले घरको कामकाज गर्न नहुने र महिलाले मात्र गर्नुपर्ने भन्ने पुरातनवादी सोच अझै कायमै रहेको पाइन्छ । नारी घरकै काममा व्यस्त हुनुपर्छ र अरू काम गर्न पुरुषको अनुमति लिनुपर्ने र चाडवाडको समयमा पनि माइती घर जान पुरुषकै आज्ञामा जानुपर्ने जस्ता अन्याय नारीले सहनु परेको छ । यस्तै अनेकौं नारीका वेदनालाई समेटेर गायक कृष्ण सुवेदीले आफ्ना गीतहरू प्रस्तुत गरेका छन्, हेरौं एक टुक्राः

*भात पकाउनी भाँडा धुनै छैन मेरो ढङ्ग*
*बुढो झोकै राखी राखी गर्नुपर्ने रङ्ग*
*किन ढिपी गर्छौ यसपालिको तीजमा माइत नजाऊ पियारी*
*यस्तो चिज किन्दिन्छु तिमी दङ्गै पर्छेऊ*
*(किन ढिपी गर्छौ) ।*

यस्ता अनेकौं भाव र प्रसङ्गमा रहेका कृष्ण सुवेदीका गीतहरूका विषयवस्तु माया प्रेम भएर पनि नारी माथि शारीरिक रूपमा नभई मानसिक रूपमा दबाब परेको पाइन्छ । त्यसैगरी वर्ष दिनमा आउने चाडमा घरायसी काम धन्दाले गर्दा श्रीमान्ले श्रीमतीलाई

माइत जान रोक्छन् तर श्रीमती भने आफु माइत जान ढिपी गरिरहेको पाइन्छ । यसमा नारीको मानसिक वेदनालाई मुख्य विषयवस्तु बनाएर नारीका जीवन भोगाइ र बाध्यतालाई चित्रण गरिएको छः

*केटाः मैले नजाउ भन्दा पनि जान परो किन*
*दुई दिन मात्र बस्छु भन्छेउ बस्छेउ हप्ता दिन*
*केटीः यसपाली त जसै जान्छु गरे गर गाली*
*तिम्रो सेवा गरे मात्र खुसी हुन्छउ खाली* *(किन ढिपी गर्छौ) ।*

### ४.२.३ सामाजिक विपन्नताको चित्रण

गायक कृष्ण सुवेदीका गीतमा नेपाली सामाजिक जीवनमा व्याप्त आर्थिक विपन्नताको चित्रण प्रस्तुत भएको पाइन्छ । हाम्रो समाजमा कैयौं व्यक्ति धनी छन् भने कैयौं गरीब । चाडपर्वले धनी र गरीब भन्दैन वर्षैपिच्छे आइरहन्छ र गरीबलाई पीडा थपिरहन्छ । केही मानिस सम्पन्नशाली छन् केही आर्थिक विपन्नताको घेरामा छन् । गरीबलाई बिहान बेलुकाको छाक टार्न पनि धौ-धौ पर्दछ । आफ्ना बालबच्चालाई पालनपोषण गर्न र उनीहरूका रहर पूरा गर्न गाह्रो पर्दछ ।

समाजमा धनी व्यक्ति चाडपर्व आएपछि रमाउँछन् भने गरीबलाई आर्थिक समस्याले गर्दा मनमा पीडा हुने गर्दछ । यही गरीबीका कारणले आर्थिक समस्या आइलाग्ने हुँदा चाडपर्वको बेला गरीबको मनमा सामाजिक विपन्नताको चर्को बादल मडारिएको पाइन्छ । गायक कृष्ण सुवेदीले गाएका गीतमा पनि यस्तै आर्थिक गरीबीको चपेटामा परेका व्यक्तिको आर्थिक समस्यालाई मुख्य विषयवस्तु बनाएका छन् :

*केटाः दसैं आयो भन्दैछन् साराले*
*मेरो भने सधै यो पाराले*
*केटीः मनको पीडा कहाँ जाऊ खै लुकाउन*
*आयो दसैं हाम्रो मन दुखाउन*
*सधैं चिन्ता लाउन र खानको*
*यसपालिको दसैं मनाम कसरी ....*

*(यसपालिको दसैं मनाम् कसरी) ।*

आर्थिक समस्याकै कारणले गर्दा वर्ष दिनमा आउने चाडपर्व पनि हर्ष र उल्लासका साथ मनाउन नसक्नु । आफ्ना परिवार र बालबच्चाको रहर पूरा गर्न नसक्नु, उनीहरूलाई चाडपर्वमा मीठो, मसिनो खुवाउनका लागि पैसाको अभावले गर्दा आर्थिक समस्या पर्नु, ग्रामीण जनजीवनको विशेषता बनेको छः

*केटाः जे छ त्यसमै बुझाउनुपर्ने मन*
*अधुरै भो भोको पेट भर्ने मन*
*केटीः सबले खसी घरघरमा ढाल्छन्*
*बालबच्चाले मन क्यारी समाल्छन्*
*छोराछोरी इष्टमित्र खुसी बनाम् कसरी*
*सधैँ चिन्ता लाउन र खानको*
*यसपालिको दसैँ मनाम् कसरी*

*(यसपालिको दसैँ मनाम् कसरी?)* ।

### ४.२.४ वियोग र विछोड

गायक कृष्ण सुवेदीका गीतमा अन्य भावहरू जस्तै वियोग र विछोडका भाव पनि समेटिएका छन् । सुवेदीले गाएका कतिपय गीतमा पहिला मायाप्रेम बसेर पछि बाध्यतामा विछोड हुनुपर्दाका भाव व्यक्त भएका छन् । माया प्रेम बसेपछि एक अर्का बिच बाचा कसममा बाँधिएर त्यसलाई पूरा गर्न नसकी बाध्यतावस छुट्टिनु पर्दाको वियोग र विछोडरूपी भाव सुवेदीले आफ्ना गीतमार्फत् प्रस्तुत गरेका छन् । 'ढुङ्गालाई देवता मानेर', 'बाँच्नै गाह्रो भाछ, 'पीर परेर अको बेलामा, 'तिम्लाई भुल्न जान्दै जानेन, 'हाम्रो माया दुर्घटना, 'अझै माया', 'पापिनी' जस्ता अन्य गीतका मुख्य भाव वियोग र विछोड नै हुन् । यी गीतमा युवायुवतीले एक अर्कालाई मन पराएर सँगै जीउने मर्ने कसम खाएका र दाम्पत्य जीवनमा बाँधिएर पनि पछि विछोड हुनुपर्दाको विछोडपूर्ण भावहरू पोखिएका छन्,

*जस्ले मुटु चुडेर लान्छ*
*उस्कै यादमा दिन जान्छ रात जान्छ*
*बाँच्नै गाह्रो भाछ*
*कति माया गर्थे मैले*
*तिम्लाई पनि थाछ*

*(बाँच्नै गाह्रो भाछ)* ।

मायामा परेपछि एक अर्काबाट टाढा भई छुटिट्एर बस्नुपर्दाको भावलाई प्रेमीले यसरी व्यक्त गरेका छन्:

*भयो माया बिझेको काँडा झैँ*

*पहिरो गाको देउराली डाडा झैँ*

*ढुङ्गालाई देउता मानेर*

*घर न घाटको बटुवा झै भाछु*

*पराईलाइ आफ्नो ठानेर*

*(ढुङ्गालाई देवता मानेर) ।*

श्रीमान् रोजगारीका लागि घरबाट टाढा रहदा घरमा श्रीमती भने छोराछोरीको वास्ता नगरी पराई युवकसँग प्रेम सम्बन्ध गाँसी हिँडेपछिको वियोग र विछोड पूर्ण भाव यस गीतमा प्रस्तुत गरिएको छ:

*तिम्रो पाइला मोडियो पराइमा*

*छोराछोरी छोडेर घरैमा*

*अझै माया मनमा साँच्याछु*

*अर्कैसँग गयौं हात समाउँदै*

*मत रूँदै रूँदै बाँच्याछु*

*(परदेशको पीडा) ।*

यस्तै आफूले साँचो माया गर्दा गर्दै पनि बाध्यतामा पारी आफ्नी प्रेमिकालाई अरू कसैले विवाह गरी आफूदेखि चुडेर लगे पनि मन भने प्रेमिकासँगै गएको वेदनापूर्ण विछोडको भाव यसरी पोखिएको छ:

*लगेनी फूल अर्कैले चुडेर*

*उतै जान्छ मन मेरो उडेर*

*पीर परेर आको बेलामा*

*सबको सामु नखस्न ए आँसु*

*खस्लास् एक्लै भाको बेलामा*

*(पीर परेर आको बेलामा) ।*

गायक कृष्ण सुवेदीका गीत विषयवस्तु र भावका दृष्टिले मार्मिक देखिन्छन् । नेपाली समाजमा भई रहेका सामाजिक विषयवस्तुलाई उतार्न सुवेदी सफल देखिन्छन् । यिनका सबै

गीतमा लोकजीवनले भोग्दै आएका यथार्थ घटनासँग सम्बन्धित रहेको पाइन्छ । माया प्रेमका हुन् या मिलन विछोडका सबै प्रकारका गीत हाम्रो समाजमा घट्ने घटना मै केन्द्रित रहेको पाइन्छ । समाजमा देखे सुनेका कुरालाई आफ्ना गीतमार्फत् व्यक्त गर्न सक्नुलाई उनको सकारात्मक पक्ष मान्न सकिन्छ ।

### ४.३ कृष्ण सुवेदीका गीतका विशेषता

कृष्ण सुवेदीले गाएका र सङ्कलन गरेका गीतमा लोक जीवनका विभिन्न पक्षको झलक पाइन्छ । समाजमा हुने गरेका तथ्यपूर्ण घटनालाई टपक्क टिपेर गीतको माध्यमबाट लोक पारखी श्रोता र दर्शक माझ प्रस्तुत गर्न सुवेदी हरबखत तत्पर रहेको पाइन्छ । उनले मौलिकता सँगै आधुनिकतातर्फ विशेष ध्यान दिएको पाइन्छ ।

ग्रामीण भन्दा बढी सहरिया लवज र शैलीका शब्दलाई लयबद्ध गरी गीतमा उनेर जन मानस समक्ष प्रस्तुत गर्न सुवेदी सफल देखिन्छन् । युवा पुस्तादेखि वृद्धवृद्धाहरूको मनमा बस्न सफल गायक कृष्ण सुवेदीले थुप्रै गीतमा आवाज दिनुका साथै लय र शब्द सङ्कलन पनि गरेका छन् । यिनले लोक दोहोरी, पञ्चेबाजा, सालैजो, तीजेगीतलगायत अन्य प्रकारका गीतमा पनि आवाज दिएका छन् । सुवेदीले गाएका र सङ्कलन गरेका यिनै गीत सङ्गीतलाई अध्ययन गरी गुण र तत्वका आधारमा हालसम्म प्रकाशित गीतहरूमा पाइने विशेषतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

#### ४.३.१ सरलता र लयात्मकता

गायक सुवेदीका गीत प्रायः सरल भाषाका छन् । यिनका गीतमा सरलताका साथै लयको पनि तालमेल पाइन्छ । यिनका गीतहरूमा कठिन शब्दको प्रयोग छैन । त्यसैले गर्दा सुवेदीका गीत जनमानसका जिब्रोमा सजिलै झुण्डिएर मन मुटुमा सुटुक्क पसी हृदयमा बस्न पुगेका छन् र कहिल्यै नबिर्सने गरी छाप छोड्न सफल भएका छन्:

*जीउनै गाह्रो रहेछ हेलामा*
*जूनले पनि पोलेको बेलामा*
*(बाँच्नै गाह्रो भाछ) ।*

*सानु तिम्लाई चढाउछु डोली*
*एकै बचन नमीठो नबोली* *(सँगै जीउँछु मर्छु भनेर) ।*

*स्याङ्जालीको फन्दामा परियो*

*देख्न थाले रातो नी हरियो*

*(स्याङ्जामा घर छ) ।*

*पटक-पटक घुम्न हिँड भन्दा पनि मानिन*

*राम्रो लाउन मीठो खान कहिल्यै जानिन*

*(मत मान्छे ठूलै) ।*

उनका गीत लोक साहित्यसँग सम्बन्धित भई लेख्य साहित्यबाट अलि टाढा भएर सरल भाषा र लयात्मक गुणयुक्त देखिन्छन् । सरल र सहज शब्दको बढी प्रयोग भएकाले बुझ्न सजिलो पर्दछ । लोकगीत मा हुनुपर्ने भाषा र शब्दावली यिनका गीतमा प्रशस्त मात्रमा पाइन्छ । नेपाली लोक भाकामा सल्ल बग्न सफल सुवेदीका गीत नेपाली लोक जीवनका सरल भाषाशैलीसँग अझ बढी मात्रामा नजिकिन पुगेको अनुमान गर्न सकिन्छ ।

*पोहोर पनि माइत गयौ परार पनि गयौ*

*च्याप्पै कुरा बुझ्ने हैन किन यस्ती भयौ*

*(किन ढिपी गर्छौ) ।*

*जस्ले मलाई बिरानो ठान्छ*

*उस्कै यादमा दिन जान्छ रात जान्छ (तिम्लाई भुल्न जान्दै जानेन) ।*

यसरी कृष्ण सुवेदीले गाएका गीतका टुक्काहरूमा नेपाली मौलिकता झल्किनुका साथै नेपाली लोक जीवनको झझल्को पनि पाइन्छ । यिनले गाएका गीतहरू सरल शब्द र लयवद्ध हुनाका कारणले सुन्ना साथ लोक पारखी श्रोताको मनमा बस्न सकेका छन् । सामान्य भाषाशैलीका कारणले गर्दा शिक्षित, अशिक्षित र सामान्य व्यक्तिले पनि सुवेदीका गीतहरू सजिलै बुझ्न र गाउन सक्ने हुनाले लोक जनमानस समक्ष स्थान पाउन सफल देखिन्छन् । सरलता र लयात्मकता गायक सुवेदीका गीतमा भेटिने महत्त्वपूर्ण विशेषताहरू हुन् ।

### ४.३.२ आर्थिक विपन्नताको चित्रण

कृष्ण सुवेदीले गाएका गीतमा नेपाली समाजमा रहेका गरीब तथा न्यून आयस्तर भएका मानिसको पारिवारिक चित्रण पाइन्छ । गरीब तथा न्यून आयस्तर भएका मानिसले भोग्नु परेको समस्या र कठिनाइलाई सुवेदीले गीतका माध्यमबाट व्यक्त गरेका छन् । धनी

मानिसका माझमा गरीबहरूको कुनै औचित्य रहँदैन । चाडपर्वका बेलामा धनी मानिसको मनमा हर्ष र उल्लास छाउँछ । गरीबलाई पीडाले सताउने गर्दछ । उनीहरूको जीवनमा चाडपर्व आउनु भनेको दुःखले बास गर्नु सरह हो । यस्तै समस्यालाई यस गीतमा उत्कृष्ट तरिकाले प्रस्तुत गरिएको छ :

*केही नखाम् त भोक त्यसै मेटिन्न*

*खल्ती छाम्छु एक पैसा भेटिन्न* (*यसपालिको दसैं मनाम् कसरी*) ।

त्यसैगरी आफ्नो पारिवारिक स्थिति कमजोर भएकै कारण आफू बस्ने समाजका अन्य परिवारहरू धनी भएर धाक, रवाफ लगाउँदा गरीबको हृदय चह्राउने र दुख्ने गर्दछ । धनी व्यक्ति चाडपर्व आएपछि जुवा तास खेल्ने, जाडरक्सी खाने गरेर पैसालाई त्यसै उडाएको देख्दा गरीबको छाती चर्कन्छ । गरीबीकै कारणले उनीहरूलाई एक छाक टार्न नसक्दा आँसुको घुट्को पिउँदै बस्नु परेको यथार्थता यिनका गीतमा पाइनछ ।

*धन हुनेले चाडवाड मन पराउनी*

*गरीबको हृदय चराउनी*

*पैसा तासमा उडाउछन् अरूले*

*आँशु पिउँदै छौ गरीबहरूले* (*यसपालिको दसैँ मनाम् कसरी*) ।

यसरी हाम्रो समाजमा भएका सत्य घटनालाई गीतको माध्यमबाट लोक पारखी श्रोता माझ पुऱ्याउने काम कृष्ण सुवेदीले गरेका छन् । गरीब मानिसहरूले आर्थिक स्थिति कमजोर हुनाकै कारणले चाडपर्व रमाइलो गरी हर्ष र उल्लासका साथ मनाउन सकेका छैनन् । त्यसैले हाम्रो समाजमा गरीबका लागि चाडपर्व आउनुको कुनै औचित्य नरहेको पाइन्छ ।

### ४.३.३ अनुप्रासमयता

लोकगीत का विभिन्न तत्त्व मध्ये अनुप्रास एक महत्त्वपूर्ण तत्त्व हो । नेपाली लोकगीतमा अनुप्रासमयताको महत्त्व छ । लोकगीत मा यसको भूमिका अनिवार्य मानिन्छ । गीतमा अनुप्रास मिलेको खण्डमा सुन्नमा पनि मिठास भएको भान हुन्छ । गीत अन्तिमका शब्दहरू मिलेर बन्ने हुनाले यसलाई अन्त्यानुप्रास मिलेको पनि भन्न सकिन्छ । कृष्ण सुवेदीले गाएका गीतमा पहिलो र दोस्रो पङ्क्तिका अन्तिम शब्दहरूको अनुप्रास मिलेको पाइन्छ । यस्तो हुनु पनि गायकको अर्को विशेषता हो ।

*तिम्लाई हेर्दै म पागल बनेको*

*यहि त होला पिरती भनेको*

*जे परे पर्छ, लाम मायाँ साइली जे परे पर्छ,*

*स्याङ्जामा घरछ*

*मलाई के को डरछ (स्याङ्जा मा घरछ) ।*

*जस्ले मलाई बिरानो ठान्छ*

*उस्कै यादमा दिन जान्छ रात जान्छ*

*तिम्लाई भुल्न जान्दै जानेन*

*हो आँखालाई त सम्झाए बुझाए*

*तर मनले मान्दै मानेन (तिम्लाई भुल्न जान्दै जानेन) ।*

*कुरा काट्लान काट्न त अरूले*

*माया के हो नबुझ्ने हरूले*

*सँगै जीउँछु मर्छु भनेर*

*आज सम्म कसैलाई भनिन*

*अब भन्छु मान्छे जम्मा पारेर*

*तिम्लाई माया गर्छु भनेर (सँगै जीउँछु मर्छु भनेर) ।*

गीतका पङ्क्तिमा प्रयोग भएका शब्दको अनुप्रासले गर्दा गीत लयात्मक र मिठासयुक्त हुन्छन् । लय मिलेका र सरल शब्द भएका गीतहरू जनमानसले सुन्नासाथ टपक्क टिपेर गुनगुनाउन सक्दछन् । यस्ता लय मिलेका गीतहरू लोक पारखी स्रोताको मनमुटुमा बस्न सफल हुन्छन् र सुनिरहन मन लाग्दछ । गायक कृष्ण सुवेदीले गाएका गीतहरू यस्तै गुणले भरिपूर्ण छन् । जसका कारण गीतहरू मिठास र माधुर्ययुक्त छन् ।

### ४.३.४ लोकतत्त्वको प्रधानता

गायक कृष्ण सुवेदीका गीतमा पाइने अर्को महत्त्वपूर्ण विशेषता लोकतत्त्वको प्रधानता हो । लोक जीवनमा हुने गरेका घटना र प्रयोग हुने शब्दहरूलाई गीतमा प्रयोग गर्नु नै सफल लोकगीत हो । सुवेदीले गाएका र सङ्कलन गरेका गीतमा लोक भाषा, लोक

संस्कृति, लोक परिवेश जस्ता लोक तत्त्वहरूको प्रयोग भएको पाइन्छ । ग्रामीण परिवेशका मानिसको जन जिब्रोमा प्रयोग हुने लाम (गाउँ), दुलै (दुलही), दुला (दुलाहा), वाउ (बाबा), उस्कै (उसकै), मान्छे (मानिस), तिम्लाई (तिमीलाई), हिन्छौ (हिँड्छौं) रहन्न (रहँदैन), लान्छु (लानेछु), मैना (महिना), देउता (देवता), थाल्याछु (थालेको छु), लगेनी (लगेपनि), परो ( पर्‍यो), क्यारी (कसरी), माछ (भएछ), मयाले (मायाले), छोरछोरी (छोराछोरी), बसम्ला ( बसौँला), वेरी (बेरेर), कस्लाई (कसलाई), छुटेसी (छुटेपछि) जस्ता अनेकौं नेपाली ठेट, झर्रा र लोक शब्द उनका गीतमा पाइन्छन् । त्यसैगरी सुवेदीका गीतमा पर्वत, कुश्मा, बाग्लुङ, मुस्ताङ, मुक्तिनाथ, पाल्पा, स्याङ्जा जस्ता ठाउँ विशेषको प्रयोग र चित्रण भएको पाइन्छ ।

## ४.४ निष्कर्ष

कृष्ण सुवेदीका गीतलाई वर्गीकरण गरेर हेर्दा विभिन्न विषयवस्तु र भावहरू समावेश भएको पाइन्छ । गाउँ शहरको परिवेश अनुसार उनले विभिन्न गीतहरू गाउँदै र सङ्कलन गर्दै आइरहेका छन् । सुवेदीले गाएका गीतलाई बाह्रमासे, पर्व गीत र संस्कार गीत गरी तीन भागमा विभाजन गरी अध्ययन गरिएको छ । बाह्रमासे गीतमा लोक दोहोरी गीत र सालैजो गीत, पर्वगीतमा तीजे भाकाका गीतहरू र संस्कार गीतहरूमा पञ्चेबाजामा बज्ने गीतहरू गाएका छन् । कृष्ण सुवेदीका गीतहरूमा लोकगीतमा हुनुपर्ने विभिन्न विषयवस्तु र भावहरू समावेश भएका छन् । सुवेदीका गीतहरूमा माया प्रेम वियोग विछोड, नारी वेदना, सामाजिक विपन्नताको चित्रण जस्ता विषयवस्तु समावेश भएका छन् । सुवेदीले गाएका र सङ्कलन गरेका गीतलाई केलाउँदा विभिन्न विशेषताहरू भेट्न सकिन्छ । उनका गीतहरू सरलता र लयात्मकता हुनुका साथै अन्त्यानुप्रास पनि मिलेका छन् । सबै गीतमा लोकतत्त्वको प्रधानता भेटिन्छ । कृष्ण सुवेदीका सबैजसो गीतहरूमा लोकभाषाको नै बाहुल्यता रहेको छ । लोक जीवनमा हुने गरेका घटना र प्रयोग हुने सामान्य बोलीचालीका शब्दहरू नै गीतमा प्रयोग भएका छन् । यिनका गीतहरूमा लोक भाषा, संस्कृति र परिवेश जस्ता तत्त्वहरूको प्रयोग भएका छन् । कहीँ कतै सहरिया परिवेशका भावहरू पनि भेटिन्छन् ।

परिच्छेद : पाँच

# निष्कर्ष

## ५.१ सारांश

नेपाल एक प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । भूपरिवेष्टित राष्ट्र नेपाल उत्तरमा चीन, पूर्व, पश्चिम तथा दक्षिणमा भारतको सिमानाले घेरिएको छ । एसियाकै सानो तर सुन्दर प्रकृतिले भरिपूर्ण देश हो, नेपाल । नेपालको उत्तरी भू-भागमा अग्ला-अग्ला हिमशृङ्खला छन् भने दक्षिणी भागमा समतल भूमि छ । यहाँ विश्वकै अग्लो हिमशिखर सगरमाथा मुस्कुराएको छ । यही सुन्दर देश नेपालको विभिन्न सुन्दर सहर मध्येको एक प्रमुख सहर पोखरा हो ।

प्राकृतिक सम्पदाले भरिपूर्ण सहर पोखरा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको कास्की जिल्लामा अवस्थित छ । यसै जिल्लामा रहेर गीत सङ्गीतको क्षेत्रमा क्रियाशील रहेर वर्तमान समयमा नेपाली लोकगीतसङ्गीतको क्षेत्रमा आफ्नो बेग्लै स्थान बनाउन सफल कृष्ण सुवेदी एक कुशल गायकका साथै शब्द सङ्कलक पनि हुन् । थुप्रै नेपाली लोकदोहोरी गीतहरूमा आवाज दिई सङ्गीतमा उत्तिकै क्रियाशील देखिन्छन् ।

चञ्चले स्वभावका सुवेदी आफ्नै कला र प्रतिभाले गर्दा लोक सङ्गीतका क्षेत्रमा बेग्लै पहिचान बनाउन सफल मानिन्छन् । सानै उमेरबाट लोकदोहोरी क्षेत्रतिर रुचि राख्ने सुवेदी विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका दोहोरी गीत प्रतियोगितामा आफ्नो प्रतिभा र उपस्थिति देखाएर आफ्नो परिचय दिइसकेका छन् । सानैबाट गीत सङ्गीत भनेपछि भुत्तुक्कै हुने कृष्ण सुवेदी आफ्ना बाबु र दाजुका साथै अग्रज कलाकारबाट पाएको प्रेरणा र हौसलाले आफू भित्रको प्रतिभालाई श्रोतामाझ ल्याउन सफल भएका छन् । सुवेदी गायकका साथै एक कुशल शब्द सङ्कलक पनि हुन् । उनले गायक प्रायजसो गीतमा उनी आफैँले शब्द सङ्कलन गरेको पाइन्छ ।

गायक कृष्ण सुवेदीले गाएका गीतमा लोक जीवनका बिम्ब, प्रतिबिम्ब र विशेषताका विविध पक्ष रहेको पाइन्छ । यिनै विविध पक्षलाई केलाउँदै यस अध्ययन पत्रमा अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ । सुवेदीले गाएका गीतलाई विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययन परिचय उल्लेख गरी यस अध्ययन पत्रको परिचय दिइएको छ । यस परिच्छेद भित्र विषय परिचय, अध्ययन शीर्षक,

प्रयोजन, समस्या कथन, उद्देश्य कथन, पूर्व कार्यको समीक्षा, अध्ययनको औचित्य, क्षेत्र र सीमा, अध्ययन विधि र परिच्छेद विभाजन जस्ता उपशीर्षकमा अध्ययनको आवश्यकता र औचित्य पुष्टि गरिएको छ ।

दोस्रो परिच्छेदमा गायक कृयण सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिइएको छ । यस परिच्छेदमा कृष्ण सुवेदीको जीवनी अन्तर्गत उनको पारिवारिक र पुर्ख्यौली पृष्ठभूमि, जन्म, बाल्यकाल र शिक्षा, दाम्पत्य जीवन र परिवार, गायन क्षेत्रमा प्रेरणा र प्रारम्भ, स्वभाव र रुचि, अविष्मरणीय क्षण आदि उपशीर्षकको अध्ययन गरिएको छ । व्यक्तित्व अन्तर्गत उनलाई गायक गीत सङ्कलक र व्यावसायीका रूपमा चिनाउने काम गरिएको छ । यसका साथ साथै यस परिच्छेदमा सुवेदीले गाएका र सङ्कलन गरेका गीतहरूको विवरणका साथै उनले गायन क्षेत्रमा प्राप्त गरेका पुरस्कार र सम्मानको विवरण उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा लोकगीत र कृष्ण सुवेदीका गीतको सामान्य चिनारी शीर्षकमा अध्ययन गरिएको छ । यस शीर्षक अन्तर्गत सुवेदीले हालसम्म गएका र सङ्कलन गरेका गीतहरूको अध्ययन गरिएको छ । चौथो परिच्छेदमा कृष्ण सुवेदीले गएका गीतको अध्ययन शीर्षकमा अध्ययन एवम् विश्लेषण गरिएको छ । यस शीर्षकमा सुवेदीले गाएका र सङ्कलन गरेका गीतहरूको वर्गीकरण गर्दै उनका गीतहरूमा अभिव्यक्त विषयवस्त र भावको पनि चर्चा गरिएको छ । उनले गाएका गीतमा के कस्ता गुण र विशेषता रहेका छन् तीनको पहिचान गर्ने काम यसै चरणमा गरिएको छ ।

## ५.२ निष्कर्ष

वर्तमान समयमा नेपाली लोकगीत सङ्गीतको क्षेत्रमा आफ्नो बेग्लै स्थान बनाउन सफल कृष्ण सुवेदी कुशल गायकका साथै शब्द सङ्कलक पनि हुन् । थुप्रै नेपाली लोक दोहोरी गीतमा आवाज दिइसकेका सुवेदी वर्तमान समयमा पनि लोकगीत सङ्गीतमा उत्तिकै क्रियाशील देखिन्छन् । चञ्चले स्वभावका सुवेदी आफ्नै कला र प्रतिभाका कारण लोकगीत सङ्गीतका क्षेत्रमा बेग्लै पहिचान बनाउन सफल भएका छन् । उनले विभिन्न स्थानीय तथा राष्ट्रियस्तरका दोहोरी गीत र प्रतियोगितामा आफ्नो प्रतिभा देखाएर आफ्नो पहिचान दिइसकेका छन् । सानोबाटै गीत सङ्गीत भनेपछि भुतुक्कै हुने कृष्ण सुवेदी बाबु र दाजुका साथै अग्रज कलाकारबाट पाएको प्रेरणा र हौसलाले गर्दा आफू भित्रको गायन

प्रतिभालाई श्रोतामाझ ल्याउन सफल भएका छन् । उनले गायका प्रायः गीत उनी आफैले शब्द सङ्कलन गरेका छ । त्यसैले सुवेदी गायक मात्र नभई एक कुशल शब्द र लय सङ्कलक पनि हुन् ।

गायक कृष्ण सुवेदीले गाएका र सङ्कलन गरेका गीतहरूमा सरल, सहज, स्पष्ट भाषाशैली र लयात्मकता पाइन्छ । यिनले ग्रामीण तथा सहरिया परिवेशका गीतहरू गाउने गर्दछन् । यिनका गीतमा युवायुवतीका माया, प्रेम, मिलन विछोड, नारीका वेदना ग्रामीण परिवारको आर्थिक विपन्न अवस्था, मानविय जीवनका कथा व्यथाका उज्याला र अँध्यारा पाटाहरू सम्बन्धि भाव अभिव्यक्त भएका छन् । सुवेदीले युवायुवती बिच हुने मायाप्रेम र त्यसपछि उत्पन्न हुने मिलन या विछोडका समस्यालाई आफ्ना गीतका विषयवस्तु बनाएका छन् । युवायुवतीका माया, प्रेम, मिलन, विछोडमै सुवेदीका धेरैजसो गीतहरू केन्द्रित रहेका छन् ।

गायक कृष्ण सुवेदीले मायामा परेका युवायुवतीहरू माया लगाएर एक अर्काबाट बाध्यताका कारणले गर्दा टाढा भएर बस्नु पर्दाको विछोडपूर्ण घाउमा तड्पिनु पर्दाको कारूणिक भावलाई आफ्ना गीतका माध्यमबाट प्रस्तुत गरेका छन् । त्यसैगरी उनका गीतमा रोजगारीका लागि विदेश गएका श्रीमान् र घरमा छोराछोरी अलपत्र पारी श्रीमतीले धोका दिएर पराई व्यक्तिसँग हिँडेपछि उत्पन्न भएको दर्दनाक अवस्थाको चित्रण पाइन्छ । अर्कोतर्फ उनका गीतमा आर्थिक अभाव र विपन्नताका कारण गरीबहरूले चाडपर्व गतिलो पाराले मनाउन नसक्दाको कारूणिक र मार्मिक अवस्थाको चित्रण पाइन्छ । धनी व्यक्तिलाई सबै प्रकारका सुखसुविधा हुने गरीब मानिसलाई एक छाक टार्न पनि धौ-धौ हुने गरेको भाव गीतमा प्रस्तुत भएका छन् । गायक कृष्ण सुवेदीले मानव जीवनका कथा, व्यथा, माया प्रेमका कारण हुने मिलन विछोडलाई नै मुख्य विषय बनाई आफ्ना गीतबाट प्रस्तुत गरेका छन् ।

कृष्ण सुवेदीले विभिन्न भाकाका गीत गाएका छन् । लोक दोहोरी, तीजे गीत, सालैजो गीत, पञ्चेबाजामा गाइने गीत जस्ता विविध प्रकारका गीतहरू गाउनुका साथै शब्द सङ्कलन गरेका छन् । उनले लोक दोहोरी गीत र तीजे भाकाका गीतहरू बढी मात्रामा गाएको पाइन्छ र चर्चित पनि बनेका छन् । सुवेदीका गीतहरूमा सरल वाक्य र लयात्मकता भएका कारण वृद्धवृद्धा, युवायुवती, बालबालिका सबैको मन जित्न सफल

भएका छन् । उनका स्वर लहरीमा गुञ्जिएका गीतहरू सुन्दा जो कोही पनि मौन बस्न सक्दैनन् । सुवेदीले गाएका गीतमा प्रायः आफैले शब्द र लय सङ्कलन गरेका छन् ।

गायक सुवेदीको स्वरमा मिठासपन भएकै कारण उनी गीत गाउँदै छमछमी नाच्छन् र दर्शक श्रोतालाई पनि नचाउन सफल हुन्छन् । यिनले गीतहरूमा ग्रामीण सहरिया, जनजीवन र परिवेशलाई समेट्नुका साथै त्यहाँका युवायुवती बिचको मायाप्रेम, मिलन विछोडलाई नै मुख्य विषयवस्तु बनाएका छन् । नेपाली जनजिब्रोमा झुण्डिएका विभिन्न शब्दको प्रचुर मात्रामा प्रयोग गरेर जनमानस समक्ष आफूलाई स्थापित गरेका छन् । यिनका गीतहरूमा लोक भाषा, परम्परा, विश्वास र परिवेश अटाएका छन् । त्यसैले गर्दा सुवेदीका गीत सुनेर लोक पारखी श्रोताले आफ्नै हृदयको अनुभूति र भावहरू प्रस्तुत भएको अनुभव गर्न सक्दछन् ।

## ५.३ सुझाव

गायक कृष्ण सुवेदीले गाएका गीतहरूको सङ्कलन र अध्ययन शीर्षकमा केन्द्रित भई गरिएको अध्ययनबाट प्राप्त भएका तथ्याङ्कलाई नियाल्दा अरूको संस्कृतिको पछि नलागि आफ्नै लोक संस्कृतिलाई बचाउनुपर्ने देखिन्छ । नेपाली लोक तथा दोहोरी गीत प्रति सकरात्मक सोच राखेर यसको संरक्षणको निम्ति सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने देखिन्छ । ज्ञान वृद्धिका निमित्त गायक कृष्ण सुवेदीले गाएका गीतहरूलाई विभिन्न शीर्षकमा बनाएर अध्ययन गर्न सकिन्छ । सुझावको रूपमा केही शीर्षक तल प्रस्तुत गरिएको छः

गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा लय विधान,

गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा समाजको चित्रण,

गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा प्रकृति चित्रण,

गायक कृष्ण सुवेदीले गाएका गीतहरूमा बिम्ब र प्रतिक विधान ।

# सन्दर्भ सूची


गिरी, जीवेन्द्र देव (२०५७) **लोक साहित्यको अवलोकन**, काठमाडौं : एकता प्रकाशन ।

ढुङ्गाना, सोभा (२०६९), **थप्रेक क्षेत्रमा प्रचलित लोकगीत को सङ्कलन, वर्गीकरण र विश्लेषण,** स्नातकोत्तर शोध पत्र पोखरा : पृथ्वी नारायण क्याम्पस, नेपाली विभाग ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोक साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने कुसुमाकर (२०४४), **पैयुँखोले लोकगीत को सङ्कलन, वर्गीकरण र विश्लेषण,** स्नातकोत्तर शोधपत्र काठमाडौं : नेपाली केन्द्रीय विभाग ।

न्यौपाने कुसुमाकर (२०७०) **नेपाली लोकगीत ,** पोखरा : फिस्टले पब्लिकेशन प्रा.लि.।

बन्धु चूडामणि (२०५८), **नेपाली लोक साहित्य,** काठमाडौं : एकता बुक्स प्रा.लि. ।

लोहनी, लक्ष्मण (२०२२) **रोधि घर** (दो.स.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, कृष्ण (२०६६), **राम्री चिटिक्कै** (गीति एल्बम) पोखरा : नमस्ते ब्रोडकास्टिङ स्टुडियो ।

........... (२०६८), **बाँच्नै गाह्रो भाछ** (गीति एल्बम), पोखरा : खण्डग्रास म्युजिक प्रा.लि.।

........... (२०६९), **पीर परेर आको बेलामा** (भी.सी.डी.), पोखरा : नमस्ते स्टुडियो ।

........... (२०७०), **सँगै जीउँछु मर्छु भनेर** (भी.सी.डी.), पोखरा : दुर्लुङ म्युजिक क्रियसन ।

........... (२०७१), **सानु तिम्रै बन्न** (भी.सी.डी.), पोखरा : दुर्लुङ म्युजिक क्रियसन ।

........... (२०७१) **तिम्लाई भुल्न जान्दै जानेन** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक ।

........... (२०७१) **स्याङ्जामा घर छ,** (भी.सी.डी.), पोखरा : दुर्लुङ म्युजिक क्रियसन ।

............(२०७१) **किन ढिपी गर्छौ,** (भी.सी.डी.), काठमाडौं : साई भिजन प्रा.लि.।

............(२०७१) **नभन आज भोलिमा** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक ।

............(२०७२) **हाम्रो माया दुर्घटना** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक प्रा.लि.।

............ (२०७२) **यसपालिको दसैं मनाम कसरी,** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक ।

............(२०७२) **मेरी बुढीको चुरीफुरी निकै** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक ।

............(२०७३) **परदेशीको पीडा** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक ।

............(२०७३) **पापिनी** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक प्रा.लि.।

............(२०७३) **मेरी दुलही** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक प्रा.लि.।

.......... (२०७३) **अहिलेसम्म छैन चिनेको** (भी.सी.डी.), काठमाडौं : आशीष् म्युजिक ।

# परिशिष्ट १

## कृष्ण सुवेदीका गीतको सङ्कलन

**१. ढुङ्गालाई देउता मानेर**

**एल्बम** : राम्री चिटिक्कै-२०६६ **उत्पादक** : नमस्ते ब्रोडकास्टिङ पोखरा

**स्वर**: कृष्ण सुवेदी र निशा पोखरेल **शब्द सङ्कलन** : कृष्ण सुवेदी

*ढुङ्गालाई देउता मानेर*
*घर न घाटको बटुवा झैं भाछु*
*पराईलाई आफ्नो ठानेर ।*

**केटा** : भयो माया बिझेको काँडा झैं
पहिरो गाको देउराली डाँडा झैं
(ढुङ्गालाई देउता मानेर ...) ।

केटी : भाछ आँखा चैतको बादल झैं
बनायो मन नबझ्ने मादल झैं
(ढुङ्गालाई देउता मानेर .......) ।

केटा : कहिल्यै मेरो सुनिनौं कुरो
भयो माया सानैमा टुहुरो
(ढुङ्गालाई देउता मानेर .......) ।

केटी : पापी रैछौं मैले के जानु
मासु काट्यौं बिर्सियौं अचानु
(ढुङ्गालाई देउता मानेर .......) ।

केटा : तिमी नै हौं बोटमा बिस फलाउनी
मन जलाउनी भुईचालो चलाउनी
(ढुङ्गालाई देउता मानेर .......) ।

केटी : छोड्नै परे मै संसार छोड्छु
तिम्लाई राम्रो होस् भनि हात जोड्छु
(ढुङ्गालाई देउता मानेर .......) ।

❖❖❖

## २. बाँच्नै गाह्रो भाछ

**एल्बम** : बाँच्नै गाह्रो भाछ-२०६८ **उत्पादक** : खण्डग्रास म्युजिक प्रा.लि, पोखरा

**स्वर**: कृष्ण सुवेदी र मुना थापामगर **शब्द सङ्कलन** : कविराज बराल

**लय :** दुर्गा मरासिनी

*बाँच्नै गाह्रो भाछ*
*कति माया गर्थे मैले*
*तिम्लाई पनि थाछ ।*

केटा : जीउँनै गाह्रो रहेछ हेलामा
जूनले पनि पोलेको बेलामा

केटी : जस्ले मुटु चुडेर लान्छ
उसकै यादमा डुबेर दिन जान्छ, रात जान्छ

केटा : छट्पटिन्छु म किन-किन
जीवन व्यर्थ लाग्दछ ऊ विना
(बाँच्नै गाह्रो भाछ ...)।

केटी : कस्लाई के था दिल जलिराको
पिरतीले घर न घाट बनाको

केटा : जिन्दगीका प्रत्येक घडीमा
उसकै अभाव खड्किन्छ बढीमा

केटी : पिरतीले चोटै चोट दिँदा
तितो अतित विगतको सम्भिmदा

❖❖❖

### ३. पीर परेर आको बेलामा

**एल्बम** : पिर परेर आको बेलामा-२०६९ **उत्पादक :** नमस्ते ब्रोडकास्टिङ पोखरा
**स्वर** : कृष्ण सुवेदी र टीका पुन **शब्द सङ्कलन** : कृष्ण/शिव सुवेदी
**लय :** रामजी पौडेल

*पीर परेर आको बेलामा*
*सबको सामु नखस्न ए आँसु*
*खस्लास एक्लै भाको बेलामा*

केटा : झर्छन् आँसु आँसु मै देखिन्छेऊ
हेर्छु भन्छु छिन भरमै छेकिन्छेऊ

केटी : रोक्छु भन्छु बगेर आउछ
अब कस्ले आँसुलाई सम्झाउछ

केटा : सधैं आँखा आँसुले धुन्छु
रोइन भने के बिर्से झैं हुन्छु

केटी : अझैं दिलमा उसैको नाम छ
सम्झ्यो भने थरथरी जिउ काम्छ

केटा : लगेनी फूल अर्कैले चुडेर
उतै जान्छ मन मेरो उडेर

केटी : शरीर यता उतै छ मन मेरो
जीउने आशा कम भयो झन मेरो

केटा : उस्को दिलमा नसक्दा अटाउन
आफ्नै आयु थाल्याछु घटाउन

केटी : साथ छुटेसी धड्कन र मुटुको
साथी भाछ आँसुको घुटुको

केटा : जान्छु अझै हामी भेट हुने ठाउँ
त्यही हो मेरो बसेर रुने ठाउँ

केटी : मनमा पीडा आँखामा पानी भो
यो जिन्दगी रोएरैं जानी भो

### ४. सँगै जीउँछु मर्छु भनेर

**एल्बम** : सँगै जीउँछु मर्छु भनेर-२०७०
**उत्पादक :** दुर्लुङ म्युजिक क्रियसन प्रा.लि
**स्वर** : कृष्ण सुवेदी र पूर्णकला बी.सी
**शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

*सँगै जीउँछु मर्छु भनेर*
*आजसम्म कसैलाई भनिन*
*अब भन्छु मान्छे जम्मा पारेर*
*तिम्लाई माया गर्छु भनेर*

केटा : हाम्रो माया सबैलाई थाहा होस्
चखेवाको जोडीलाई डाहा होस्

केटी : साँचो माया गरिछु मैले
रोक्ने साहास नगरोस् कसैले

केटा : गाउँ छोडौला घरबाट धपाए
सानु तिम्लाई मागेर नपाए

केटी : कुरा काट्लान् काट्न त अरूले
माया के हो नबुझ्नेहरूले

केटा : सानु तिम्लाई चढाउँछु डोली
एकै बचन नमीठो नबोली

केटी : कोमल मनमा मायाको घर छ
हाम्रो नाता अजर छ अमर छ

केटा : लुकी-लुकी भेट हुने कति हो
बोल्नै पर्छ अब त अति भो

केटी : जो सुकैले जे सुकै भनुन
मेरो सानु कसैको नबनुन

**५** सानु तिम्रै बन्न

**एल्बम** : सानु तिम्रै बन्न-२०७१ **उत्पादक :** दुर्लुङ म्युजिक क्रियसन प्रा.लि

**स्वर** : कृष्ण सुवेदी र पूर्णकला बी.सी **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

*सानु तिम्रै बन्न*
*कस्लाई मन नहोला र*
*सानु तिम्रै बन्न*
*मैले नी साह्रै मन पराछु नसकेनी भन्न/सक्या छैन भन्न*

केटा : हो ....... आए पनि आँधी र बेरी
दायाँवायाँ कसैलाई नहेरी

केटी : हो ....... अरू कुरा छु सबै पाएको
मेरो अन्तर आत्माले चाहेको

केटा : हो ....... पिरतीको सुगन्ध छरेर
गर्नु पर्ने सङ्घर्ष गरेर

केटी : हो .......हरेक नशा नशामा छौं तिमी
मेरो रोजाइ एक मात्र हौं तिमी

केटा : हो ....... साथी सङ्गी साथ छोडी गएनी
सबै सँग लडेरै भएनी

केटी : हो .......सँगै जीउने सँगै मर्ने हो
भन मैले के गर्न पर्ने हो

❖❖❖

## ६ तिम्लाई भुल्न जान्दै जानेन

**एल्बम** : तिम्लाई भुल्न जान्दै जानेन-२०७१ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि

**स्वर** : कृष्ण सुवेदी र पूर्णकला बी.सी **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

*तिम्लाई भुल्न जान्दै जानेन*
*आँखालाई त सम्झाए बुझाए*
*तर मनले मान्दै मानेन*

केटा : तिम्रो धोका जादुको छडी भो
जस्ले भुल्छ उस्कै याद बढी भो

केटी : भन्छु भनि म कठोर बन्दानि
नेटो काटी गैसकिन भन्दानी

केटा : गए पनि मूल बाटो बारेर
मर्दो रहिन्छ सम्झना मारेर

केटी : अब मैले के गरम भन
पापी मनले सकेन बिर्सन

केटा : जस्ले मलाई बिरानो ठान्दछ ।
उस्कै यादमा दिन जान्छ रात जान्छ ।

केटी : मैले माया गऱ्याथें अति ।
पाउनु मात्रै रैनछ पिरती ।

❖❖❖

## ७. स्याङ्जामा घर छ

**एल्बम** : स्याङ्जामा घर छ-२०७१ **उत्पादक :** दुर्लुङ म्युजिक क्रियसन, पोखरा

**स्वर** : कृष्ण सुवेदी र राधिका हमाल **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

*जे परे पर्छ, लाम माया साईली/साईला जे परे पर्छ*
*स्याङ्जामा/झापामा घर छ*
*मलाई केको डरछ ।*

केटा : तिम्लाई हेरे अन्त ध्यान लाईन
भ्याप्पै मन चोरिछौं थाहा पाइन

केटी : स्याङ्जालीको फन्दामा परियो
देख्न थाले रातो नि हरियो

केटा : लाउँछु माया लाउँदिन नभने
यदि तिम्रो मन सफा छ भने

केटी : मलाई पनि सानु कै भरछ
आफ्नै मान्छे बनाउने रहर छ

केटा : बाउ लाहुरे छन् मलाई के पिर छ
छाति भरि माया कै तस्विर छ

केटी : लग्यौ मेरो मन तेतैं लुटेर
अब बस्न सक्दिन छुटेर

केटा : तिम्लाई हेर्दै म पागल बनेको
यहि त होला पिरती भनेको

केटी : राख मलाई त्यही दिलको डेरामा
परे तिम्रो मायाको घेरामा

❖❖❖

### ८. किन ढिपी गर्छौं

**एल्बम** : किन ढिपी गर्छौं-२०७१ **उत्पादक :** साई भिजन प्रा.लि., काठमाडौं

**स्वर** : कृष्ण सुवेदी र सरीता पौडेल **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

केटा : पोहोर पनि माईत गयौ परार पनि गयौ
च्याप्पै कुरा बुझ्ने हैनौं किन यस्ती भयौ
किन ढिपी गर्छेऊ
यसपालीको तीजमा माइत नजाउ पियारी
यस्तो ठाउँ घुमाउँछु
तिमी दङ्गै पर्छेऊ ।

केटी : जैले पनि घरको कामले मैले दुःख पाउनी
दुई दिन माइत जान्छु भन्दा तिम्लाई ज्वरो आउनी
यसपालीको तीजमा माइत पठाउ पियारा
यस्तो चिज ल्याइदिन्छु
तिमी दङ्गै पर्छौ ।

केटा : तिमी नाइ भन्छेऊ
सँगसँगै रमाउला किन माइतै जान्छु भन्छेऊ

केटी : नपरोस् केही सुन्न
यसपालीको तीजमा मलाई माइत नगै हुन्न

केटा : भात पकाउनी भाडा धुनी छैन मेरो ढङ्ग
बुढो भोकै राखी राखी गर्नु पर्ने रङ्ग
किन ढिपी गर्छेउ
यसपालीको तीजमा माइत नजाउ पियारी
यस्तो ठाउँ घुमाउँछु
तिमी दङ्गै पर्छेऊ ।

केटी : यो साल माइत जान पाए कति खुशी हुम्ला
जुठा भाडा जुठै राख मै आएर धुम्ला
किन ढिपी गर्छउ

यसपालीको तीजमा माइतैमा नाच्नी हो
भिडियो हेरेर
तिमी दङ्गै पर्छौ ।

केटा : दुई दिन मात्र बस्छु भन्छेउ बस्छेउ हप्ता दिन
मैले नजाउ भन्दा पनि जान परो किन
किन ढिपी गर्छेउ
यसपालीको तीजमा माइत नजाउ पियारी
यस्तो चिज किन्दिछु
तिमी दङ्गै पर्छेऊ ।

केटी : यसपाली त जसै जान्छु गरे गर गाली
तिम्रो सेवा गरे मात्र खुसी हुन्छउ खाली
किन ढिपि गर्छउ
यसपालीको दर मैले माइतैमा खानी हो
यसरी मोटाउँछु
तिमी दङ्गै पर्छौ ।

केटा : तिमी नाइ भन्छेउ
सँगसँगै रमाउला किन माइतै जान्छु भन्छेऊ

केटी : नपरोस् केहि सुन्न
यसपालीको तीजमा मलाई माइत नगै हुन्न

केटा : हो नत मलाई हेला गर्छिन नत माइतै जान्छिन्
मेरी बुढी साह्रै जाति जे भन्यो त्यहि मान्छिन्
किन ढिपी गर्छेउ
यसपालीको तीजमा माइत नजाउ पियारी
यस्तो ठाउँ घुमाउछु
तिमी दङ्गै पर्छेऊ ।

केटी : जति दुःख गरे पनि म गतिली भैन
जे भनेर फकाएनी मान्नीवाला छैन
किन ढिपी गर्छउ

## ९. नभन आज भोलिमा

**एल्बम** : नभन आज भोलिमा-२०७२ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि काठमाडौं

**स्वर** : कृष्ण सुवेदी, कल्पना खड्का र सिता के.सी **शब्द/लय**: कृष्ण सुवेदी

केटा : फेरि आयो लगनको मैना
यसपाली विहे नगरी भाछैन
नभन आज भोलिमा
कि त वैशाख कि मङ्सिर कि माघै मैनामा
चढाउछु डोलीमा ।

केटी : सधैं माया हुर्काउनी बढाउनी
हैनौ कैले डोलीमा चढाउनी
भन्दिन आजभोलिमा
कि त वैशाख कि मङ्सिर कि माघै मैनामा
चढाउ है डोलीमा ।

केटा : लान्छु तिम्लाई सिन्दुरै भरेर
बस केही दिन प्रतिक्षा गरेर
नभन आज भोलिमा
कि त वैशाख कि मङ्सिर कि माघै मैनामा
चढाउछु डोलीमा ।

केटी : भाछ घरमा विहेको कुरो
हाम्रो माया हुन्छ कि अधुरो
भन्दिन आजभोलिमा
कित वैशाख कि मङ्सिर कि माघै मैनामा
चढाउ है डोलीमा ।

केटा : मेरै हुन्छेउ कसैले छुन्न
कुरा मात्रै चलेर केही हुन्न
नभन आज भोलिमा
कि त वैशाख कि मङ्सिर कि माघै मैनामा

चढाउँछु डोलीमा ।

केटी : भन्छौ ऐले बनाउछु मेरी

तिम्ले पनि हिन्छौ की मन फेरि

भन्दिन आजभोलिमा

कि त वैशाख कि मङ्सिर कि माघै मैनामा

चढाउ है डोलीमा ।

केटा : तिमी जस्ती खोजेर पाउदिन

धरोधर्म अरूस लाउँदिन

नभन आज भोलिमा

कित वैशाख कि मङ्सिर कि माघै मैनामा

चढाउछु डोलीमा ।

केटी : तिम्ले धोका दिएनी सहन्न

तिमी विना अस्तित्व रहन्न

भन्दिन आजभोलिमा

कित वैशाख कि मङ्सिर कि माघै मैनामा

चढाउ है डोलीमा ।

❖❖❖

## १०. हाम्रो माया दुर्घटना

**एल्बम** : हाम्रो माया दुर्घटना-२०७२ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि काठमाडौं
**स्वर** : कृष्ण सुवेदी र पूर्णकला बी.सी **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

केटा : पैला रहर मायाजाल बुन्ने भो
ऐले मेरो जिन्दगी शून्य भो
हाम्रो माया दुर्घटना
जस्लाई मैले मनबाटै चाहन्थे
मेरै अघि पराइले डोली चढाई लग्यो ।

केटी : ज्यान यता छ मन उतै जान्छ
मेरो पनि हरेक क्षण सुनसान छ
हाम्रो माया दुर्घटना
जस्लाई मैले मनबाटै चाहन्थैँ
उस्कै अघि पराइले डोली चढाई लग्यो ।

केटा : तिमी गयौ तिम्रो याद गएन
आँखाको डिल ओभानु भएन

केटी : बाध्य भए छोडेर जान
मैले धोका दिएको नठान

केटा : अब उस्लाई सधैँ साथ दिनु
बिर्सेरनी मेरो नाम नलिनु

केटी : बस्दा पनि मायामा हारेर
मर्दो रैन्छ सम्झना मारेर

## ११ यस पालिको दसैं मनाम कसरी

**एल्बम** : यस पालिको दसैं मनाम कसरी-२०७२ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि

**स्वर** : कृष्ण सुवेदी र माया गुरुङ **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

*छोरा छोरी (इष्टमित्र) खुशी बनाम कसरी*
*सधैं चिन्ता लाउन र खानको*
*यसपालिको दसैं मनाम कसरी*

केटा : दसैं आयो भन्दै छन् साराले
मेरो भने सधैं यो पाराले

केटी : मनको पीडा कहाँ जाउ खैं लुकाउन
आयो दसैं हाम्रै मन दुखाउन

केटा : केही नखाम त भोक त्यसै मेटिन्न
खल्ती छाम्छु एक पैसा भेटिन्न

केटी : लौ खाउ भनि कोहि छैन दिनी
जे चाहिएनि पाइदैन नकिनी

केटा : जे छ त्यसमै बुझाउनु पर्ने मन
अधुरै भो भोकै पेट भर्ने मन

केटी : सबले खसी घर-घरमा ढाल्छन्
बालबच्चाले मन क्यारी समाल्छन्

केटा : हुनेकोमा दिन रातै मासु छ
हाम्रो भने आँखामा आँसु छ

केटी : सधैं आँसु छ हाम्रो बगेको
भाग्यले नि हो कति ठगेको

केटा : धन हुनेले चाडवार्ड मन पराउनी
गरीबको हृदय चराउनी

केटी : पैसा तासमा उडाउछन् अरूले
आँसु पिउँदै छौ गरीबहरूले

### १२. मेरी बुढीको चुरीफुरी निकै

**एल्बम** : मेरी बुढीको चुरीफुरी निकै-२०७२ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि काठमाडौं
**स्वर** : कृष्ण सुवेदी र रमा **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

केटा : जहिले पनि नक्कल पार्छे भन्छे कस्ती भैछु
अझै भन्छे गीत निकाल मोडल बन्ने भैछु
मलाई यसै पनि ठिकै मलाई उसै पनि ठिकै
ठूलो मान्छे बन्दिन आफ्नै पोइलाई गन्दिन
मेरी बुढीको चुरीफुरी निकै ।

केटी : मनमा रहर भयो भने कसले कस्लाई रोक्छ
मेरो भने सानै देखि मोडल बन्ने सुर छ
मलाई जे लाएनि चैन मलाई जे खाएनि चैन
राम्रो राम्रो लाइन्छ मीठो-मीठो खाइन्छ
अब मलाई त कसैको डर छैन ।

केटा : मोटर साइकल चाहियो भन्छे कतै जान परे
माइक्रो बसमा चढ्दा खेरी विल्ला हुन्छ अरे
मलाई यसै पनि ठिकै मलाई उसै पनि ठिकै
ठूलो मान्छे बन्दिन आफ्नै पोइलाई गन्दिन
मेरी बुढीको चुरीफुरी निकै ।

केटी : यो बुढाको खुबी छैन मोटर साइकल किन्ने
मेरो भने मनमा धोको कार चढेर हिन्ने
मलाई जे लाएनी चैन मलाई जे खाएनी चैन
राम्रो राम्रो लाइन्छ मीठो-मीठो खाइन्छ
अब मलाई त कसैको डर छैन ।

केटा : कपाल ठडा मुन्द्रा लगा सहरिया बन रे
सङ्गिनीका बुढाहरू ह्यान्सम ह्यान्सम छन् रे
मलाई यसै पनि ठिकै मलाई उसै पनि ठिकै
ठूलो मान्छे बन्दिन आफ्नै पोइलाई गन्दिन
मेरी बुढीको चुरीफुरी निकै ।

केटी : एउटै लुगा लाउने खाली जता जाँदा पनि
कैले पनि हिँड्ने हैन चट्ट हिरो बनि
मलाई जे लाएनी चैन मलाई जे खाएनी चैन
राम्रो राम्रो लाइन्छ मीठो-मीठो खाइन्छ
अब मलाई त कसैको डर छैन ।

केटा : दश हजारको जागिर खार मैले के के गर्नी
सपिङ्ग गर्नु पऱ्यो भन्छे महङ्गो महङ्गो पर्नी
मलाई यसै पनि ठिकै मलाई उसै पनि ठिकै
केटी : सधैं भरी लोभी परे मैले कसो गरम
कस्तो सँग व्ये गरेछु बुढो भन्नै सरम
मलाई जे लाएनी चैन मलाई जे खाएनी चैन
राम्रो राम्रो लाइन्छ मीठो-मीठो खाइन्छ
अब मलाई त कसैको डर छैन ।
केटा : यसो गर उसो गर राम्रो हुन्छ भन्छे
जहिले पनि आफू मात्रै जान्ने सुन्ने बन्छे
मलाई यसै पनि ठिकै मलाई उसै पनि ठिकै
केटी मेरो लागि नगरेनी आफ्नो लागि गर
हुतियारा हुन हुन्न छोरो मान्छे भर
मलाई जे लाएनि चैन, मलाई जे खाएनि चैन

❖❖❖

## १३ परदेशीको पीडा

**एल्बम** : परदेशीको पीडा-२०७३

**उत्पादक :** आशीष् म्युजिक प्रा.लि काठमाडौं

**स्वर** : कृष्ण सुवेदी र सावित्री जोशी

**शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

केटा : तिम्रो पाइला मोडियो पराइमा
छोराछोरी छोडेर घरैमा
अझै माया मनमा साच्याछु
अर्कैसँग गयौ हात समाउँदै
मत रुदै रुदै बाँच्याछु ।

केटी : कता जाउ र के गरु भाको छ
अहिले मलाई पछुतो लाकोछ
अझै माया मनमा साँचिछु
गल्ती गरे तिम्रो साथ छोडेर
अहिले रुदै रुदै बाँचिछु ।

केटा :सुने खबर म आउन पाइन
मुर्छै परे रातभरी निदाइन

केटी : छोराछोरीको पीर मनमा लिनु हैं
मेरो माया थपेर दिनु हैं

केटा : खुसी हुनु जो सँगै भएनी
मेरो माया त्यागेर गएनी

केटी : अब मेरो खुशी खै कता छ
सानु तिम्रै मायाले सताछ

❖❖❖

## १४ पापिनी

**एल्बम** : पापिनी-२०७३ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि काठमाडौं

**स्वर** : कृष्ण सुवेदी र शर्मिला गुरुङ **शब्द/लय सङ्कलन** : दीपक पौडेल

केटा : मेरो मान्छे मै सँग टाढा भो
आँसुसँग सम्बन्ध गाढा भो
देख्नीले पागल भयो भन्छन् वरिपरि
सारा जीवन हाँसो मै बिताउने मन थ्यो मेरो
पापिनी सम्झेर रुन्छु धरी धरी ।

केटी : जस्ले मेरो दुखायो मन धेरै
किन उस्कै सम्झना झन् धेरै
देख्नीले पागल भई भन्छन् वरिपरि
सारा जीवन हाँसो मै बिचाउने मन थ्यो मेरो
निष्ठुरी सम्झेर रुन्छु धरी धरी ।

केटा : भयो जीवन आँसुको सागर
तिम्लाई भुल्न सकुँला का गर

केटी : जुनदिन देखि मायाको साथ छैन
नरोएको दिन छैन रात छैन

केटा : भएपनि दुई शरीर दुई तिर
तरपनि मन जान्छ उई तिर

केटी : यति आँखा आँसुले धोइछैन
सायद मझैं अभागी कोइछैन

❖❖❖

## १५ मेरी दुलही

**एल्बम** : मेरी दुलही-२०७३ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि काठमाडौं

**स्वर** : कृष्ण सुवेदी र राधिका हमाल **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

**थेगो**

*केटा : मत मान्छे ठूलै (मत मान्छे ठूलै मेरो खान्दान पनि ठूलै)*
*केही भनेकै मान्दिन मीठो बोल्नै जान्दिन*
*मलाई सुहाउने भैन मेरी दुलै ।*

*केटी : कुरा मात्रै ठूला (कुरा मात्रै ठूला यिन्का फुर्ति मात्रै ठूला)*
*केही भनेकै मान्दैनन् सानो बन्नै जान्दैनन्*
*मैले सोचे भैं छैनन् मेरा दुला ।*

केटा : पटक पटक घुम्न हिँड भन्दा पनि मानिन्
राम्रो लाउन मीठो खान कहिल्यै जानिन्

केटी : तिम्रो कामै ठाउँ ठाउँ घुम्नी मीठो मीठो खानी हो
मलाई केको फुर्सद छ र घुम्न जानि हो

केटा : खासै जागर देखाउँदिन् घरमा कामै भएनि
महिलै लुगा लाउछेस् केरे जता गएनि

केटी : तिम्लेई राम्रो लगाकाछौं तिम्लेई मीठो खाकाछौं
मैले दुख गरिछुर फुर्ति लाकाछौं

केटा : साथी भाइका बुढिहरू हिड्छन् नक्कल पारेर
मेरी बुढी घरमै व्यस्त माखा मारेर

केटी : कोही कोहीलाई म नरम हुम्ला कोही कोहीलाई म चाम्रीछु
केलाई नक्कल पार्न पर्‍यो त्यसै राम्री छु

केटा : कहिल्यै मीठो बोल्नी हैन घरमा पाहुना आउँदानि
ठूली हुन्छे देउता जस्तो बुढो पाउँदानि

केटी : दिनै भरी बाहिर डुल्यो घरमा आयो मैलाइ दोस
अब बाहिर हिँड्नै दिन्न जे हुनि हो होस

## १६ अहिलेसम्म छैन चिनेको

**एल्बम** : अहिलेसम्म छैन चिनेको- २०७३ **उत्पादक :** आशीष् म्युजिक प्रा.लि

**स्वर** : कृष्ण सुवेदी र सुनीता नेपाली **शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

**थेगो**

*केटा : अहिलेसम्म छैन चिनेको*
*बाउ आमालाई पुज्दिने मेरो मर्म बुझ्दिने*
*जीवन साथी खोज्न हिनेको ।*

*केटी : मेरो दुःख कस्लाई भनम् खोई*
*आँसु झर्दा पुछ्दिने मेरो मर्म बुझ्दिने*
*जीवन साथी भेटिएन कोही ।*

केटा : हो बिहे गर्नी बेला नी भो मेरो
यो साल बिहे गर्नी सुर हो मेरो

केटी : हो के लेखेछ भाग्यमा लेख्निले
बुढी कन्या भै भन्छन् देख्निले

केटा : हो बाउ आमाको नजाती हुम् कति
बिहे गर्देउ भनेर रुम् कति
केटी : हो कता जाम र के गरम् भैरन्छ
गाउँमा कुरा काटेर हैरान छ
केटा : हो अब धेरै सक्दिन कुर्न
कति गाह्रो बिहेको दिन जुर्न
केटी : हो भाइले छोरो काखैमा खेलाउँछ
एक्लै रुन्छु रोएर केलाउँछ
केटा : हो आज सम्म मनमा पिर लुकाएँ
अब बोल्छु लाउँछ कि उपाय
केटी : हो मेरो पालो खै कहिले आउँछ
साथी सङ्गी भेट्दानी लाज लाउँछ ।

## १७ सालैजो

**एल्बम** : सालैजो

**स्वर** : कृष्ण सुवेदी र दिलु लामा

**शब्द/लय सङ्कलन** : कृष्ण सुवेदी

१. हो ...... पर्वतमा पाइने नस्पती मीठो, स्याङ्जाका सुन्तला
अहिले त माया यो विधि लाछ, छुटेमा कुन्चाल
तिम्रै मात्र सम्झना आउनी
जुन बेलानी भेट हुन मन लाउनी

२. नेपालकै अग्लो पुल हेर्न जाम्ला कुश्मामा झरेर
रातभरी उतै बसम्ला रोधी, रमाइलो गरेर
सुनीरौ झैं मायाको बोली
यही बोलीले कहाँ पुग्छु म भोलि

३. मुस्ताङमा पर्ने मुक्तिनाथ मन्दिर बाग्लुङमा कालिका
मायाले बेरी बनाउँछु मेरी, यो दिलकी मालिका
यो दिल भित्र अरू कोही छैन
जनम-जनम यो माया मर्दैन ।

❖❖❖

# परिशिष्ट २

## कृष्ण सुवेदीसँगको अन्तर्वार्ता

**१ यहाँको पारिवारिक पृष्ठभूमिसहित परिचय दिनुहुन्छ कि ?**

Z मेरो घर पर्वत जिल्ला दुर्लुङ गाविस वडा नं. ६ हो । हाल मालेपाटन-५ पोखरामा बस्दछु । मेरो जन्म २०४५ सालमा भएको हो । मेरो परिवारमा आमा, बुबा चारजना दाजुभाइ, एक दिदी र मेरी एक श्रीमती र एक छोरा छन् । पारिवारिक वातावरण सङ्गीतमय छ ।

**२ यहाँको शैक्षिक पृष्ठभूमि बताइदिनु हुन्छ कि ?**

Z मैले कक्षा १ देखि १० सम्मको अध्ययन दुर्लुङ गा.वि.स.को श्री सूर्यप्रकाश माविमा गरेँ । एसएलसी उत्तीर्णपछि २०६२ सालमा उच्च शिक्षाका लागि पृथ्वीनारायण क्याम्पसबाट आफ्नो अध्ययनलाई अगाडि बढाएको छु । हाल सोही क्याम्पसमा स्नातकोत्तर तहमा अध्ययनरत छु ।

**३ बाल्यकालमा बिताएका गीत-सङ्गीत सम्बन्धी कुनै अविस्मरणीय क्षणको बारेमा बताइदिनु हुन्छ कि ?**

Z म बाल्यकालदेखि नै गीत गाउने गर्दथे । स्कुलस्तरीय अतिरिक्त क्रियाकलापमा सहभागी हुने गर्दथे । मलाई मेरा साथीले लोक गायक कृष्ण सुवेदी भनेर जिस्काउने गर्दथे । बाल्यकालमा मैले प्रायः गरी जुनसुकै कार्यक्रममा पनि सहभागी बनेर कुनै न कुनै पुरस्कार हात पार्ने गर्दथे । म अविष्मरणीय क्षणको रूपमा यो क्षणलाई सम्झन्छु कि जुन बेला पर्वत जिल्लाको कुस्मा बजारमा भएको जिल्लास्तरीय लोकगीत प्रतियोगितामा दोस्रो स्थान हासिल गरेको थिए यो नै सुखद् अविस्मरणीय क्षण हो ।

**४ यहाँको गायन यात्राको औपचारिक प्रारम्भ कहिलेदेखि भयो ?**

Z मैले वि.सं. २०६६ सालमा 'राम्री चिटिक्कै' एल्बम रेकर्ड गरेर आफ्नो गायन यात्राको औपचारिक प्रारम्भ गरेको हुँ ।

**५ यस क्षेत्रमा लाग्न यहाँ आफ्नो प्रेरणाको सोत कसलाई मान्नु हुन्छ ?**

Z पहिलो कुरा आफ्नो घर परिवारको सहयोग हो भने अग्रज कलाकारका गीतहरू नै मेरा प्रेरणाका श्रोत हुन् । मेरा दाजुको पूर्ण सहयोगले नै म यस क्षेत्रमा लागेको हुँ ।

**६ हालम्म कतिवटा एल्बम निकाल्नु भयो ?**

= हालसम्म आफ्नो लगानीमा कुनै पनि एल्बम निकालेको छैन । तर लगानीकर्ताको विश्वासले गर्दा ५० जति एल्बममा आवाज दिइसकेको छु । कुनै बजारमा आइसकेका छन् । कुनै आउने तयारीमा छन् । आफूले पनि थुप्रै एल्बम सिर्जना गरेको छु ।

**७ साङ्गीतिक क्षेत्रमा यहाँ कसलाई आदर्श पात्र मान्नुहुन्छ ?**

Z चोलेन्द्र पौडेल र राजन कार्कीलाई म साङ्गीतिक क्षेत्रमा आफ्ना आदर्शको पात्र मान्दछु ।

**८ यहाँलाई मन पर्ने अन्य गायक गायिकाको नाम लिनुपर्दा क-कसको नाम लिनुहुन्छ ?**

Z मलाई मनपर्ने गायक गायिकामा नारायण रायमाझी, पुरुषोत्तम न्यौपाने र विष्णु माझी हुन् ।

**९ साङ्गीतिक कार्यक्रमको सिलसिलामा यहाँ देशबाहिर कहाँसम्म पुग्नु भएको छ ?**

Z भारतको सिक्कीम सम्म पुगेको छु ।

**१० लोक तथा दोहोरी गीत सङ्गीतको क्षेत्रमा देखिएको विकृतिलाई हटाउन के गर्नुपर्छ जस्तो लाग्छ ?**

Z पहिलो कुरा लोकदोहोरीमा सेन्सर बोर्ड स्थापना गरिनुपर्छ । सीमित कम्पनी, सीमित रेकडिङ्ग स्टुडियोका साथै कला र गलाले पोख्त कलाकारको संयोजन हुन जरुरी छ । जसले नेपाली लोकगीतलाई हाम्रो मौलिक संस्कृति हो भनेर बुझोस् तब मात्र लोकगीत सङ्गीतको क्षेत्रका विकृति र विसङ्गतिलाई हटाउन सकिन्छ ।

**११ यहाँले गाउनु भएका गीतले समाज परिवर्तनका लागि कस्तो भूमिका खेलेका छन् जस्तो लाग्छ ?**

Z मैले प्रायः गरी समय सान्दर्भीक गीत सिर्जना गर्ने र गाउने गर्छु । पारिवारिक विसङ्गति र विकृतिलाई बढी मात्रामा गीत सङ्गीतको माध्यमबाट प्रहार गर्ने गर्छु । त्यसैले पनि समाज परिवर्तनका लागि मेरा गीतहरू केही न केही सहयोगी बनेका छन् जस्तो लाग्छ ।

**१२ लोक दोहोरीको क्षेत्रमा लाग्न चाहने नयाँ पुस्तालाई के भन्न चाहनुहुन्छ ?**

Z अहिले पछिल्लो क्रममा लोक सङ्गीतको क्षेत्रमा कुनै पनि मुनाफा नहुने अवस्थामा छ । यस्तो अवस्थामा पनि नव कलाकारको उपस्थिति धेरै पाएका छौं । कतिले सिकेर जानेर प्रवेश गर्नु भएको छ भने कतिले नबुझीकन् । त्यसैले लोकदोहोरी क्षेत्रमा लाग्नका लागि वास्तवमा लोकगीत सङ्गीत भनेको के हो भन्ने विषयमा पूर्ण रूपमा जानकारी लिएर यो क्षेत्रमा लागेर बाँच्न सक्छु या सक्दिन भन्ने राम्रोसँग बुझेर मात्रै प्रवेश गर्न आग्रह गर्न चाहन्छु ।